हाम्रो बजेट : हाम्रो जिम्मेवारी

कार्यसम्पादन मूल्याङ्कन र नागरिक अनुगमन

फ्रिडम फोरम

नेपालमा
जवाफदेहितासम्बन्धी
कार्यक्रम

हाम्रो बजेट : हाम्रो जिम्मेवारी

कार्यसम्पादन मूल्याङ्कन र नागरिक अनुगमन

फ्रिडम फोरम

नेपालमा जवाफदेहितासम्बन्धी कार्यक्रम

सम्पादन/लेखन
तारानाथ दाहाल

लेखन/अनुवाद
सोमनाथ लामिछाने
सरोज काफ्ले
एकराज पाठक
अनिरुद्र न्यौपाने

छपाइ व्यवस्थापन
टी एन घिमिरे

विशेष धन्यवाद
आइ.बी.पी.(इन्टरनेसनल बजेट पार्टनर्सिप) र
विवेक कुमार

कृति	:	कार्यसम्पादन मूल्याङ्कन र नागरिक अनुगमन
प्रकाशक	:	नेपालमा जवाफदेहितासम्बन्धी कार्यक्रम (PRAN), विश्व बैंक काठमाडौंका लागि **फ्रिडम फोरम**, थापाथली, काठमाडौं
प्रकाशन मिति	:	२०६८ चैत १५
संस्करण	:	पहिलो
प्रकाशनप्रति	:	१०००
चित्र	:	उमेशचन्द्र अधिकारी
डिजाइन	:	महेश्वर फुयाल

कृतज्ञता

यो पुस्तिकाले नेपालमा सामाजिक जवाफदेहीताको प्रवर्द्धनमा सक्रिय हुन खोजिरहेका नागरिक समाजका संघ-संस्थालाई बजेट अनुगमन सम्बन्धी विषयमा काम गर्न केही ज्ञान र रचनात्मक सीपबारे जानकारी दिएर थप प्रेरणा प्रदान गर्न सघाउ पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु । विश्व बैंकको नेपाल कार्यालयमा रहेको नेपाल जवाफदेहीतासम्बन्धी कार्यक्रम (PRAN) को सहयोग तथा इन्टरनेसनल बजेट प्रोजेक्टको सहमतिमा फ्रिडम फोरमले यो लगायत चारवटा यस विषयका पुस्तिका तयार गरेको हो । चारैवटा पुस्तिकामा नेपालमा सामाजिक उत्तरदायित्व अभिवृद्धिका लागि भएका अभियानका केही सफल कथाहरू पनि समावेश गरिएका छन् । बजेट अनुगमन, पारदर्शिता र सेवाको प्रभावकारिता बढाउन एवं भ्रष्टाचारजन्य घटनाको सत्यतथ्य बाहिर ल्याउन नागरिक तहबाट प्रभावकारी अनुगमन सुरू गर्न यो प्रयास सहयोगी हुने विश्वाश लिएको छु ।

विश्व बैंक नेपालका PRAN कार्यक्रम प्रमुख रिचार्ड हलवे तथा उपप्रमुख अञ्जली थकालीले यो पुस्तिकाको प्रकाशनका लागि प्रदान गर्नुभएको अवसरप्रति उहाँहरूमा हार्दिक कृतज्ञता प्रकट गर्दछु । आफ्नो प्रकाशन Our Money, Our Responsibility को नेपालीमा अनुवाद गरी यो पुस्तिका तयार गर्ने अनुमति दिएर आईबीपीका विवेक रामकुमारले पुऱ्याउनु भएको प्रेरणादायी सहयोग नहुँदो हो त यो कार्य सम्भव थिएन, म विवेक रामकुमार र आईबीपीप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अनुवाद, सम्पादन तथा पुनर्लेखनको गहन जिम्मेवारी पूरा गरिदिनुहुने मित्र सोमनाथ लामिछाने तथा नेपाली घटनासहित अन्य केही सफलताका कथाहरू तयार गरिदिनुहुने मित्र एकराज पाठकप्रति पनि मुरीमुरी धन्यवाद प्रकट गर्दछु । यसैगरी अनुवाद गर्न सहयोग गर्नुहुने मित्र शरोज काफ्लेलाई

हार्दिक धन्यवाद छ । साथै फ्रिडम फोरमका कार्यकारी निर्देशक कृष्ण सापकोटा तथा अर्का मित्र अनिरूद्र न्यौपानेको प्राज्ञिक मेहेनतको पनि म हार्दिक प्रशंसा गर्दछु । यसैगरी, पुस्तिकालाई आकर्षक बनाउन चित्र बनाउने मित्र उमेशचन्द्र अधिकारी, साजसज्जा तथा डिजाइन गरिदिनुहुने मित्र महेश्वर फुयाल एवं छपाइ कार्य व्यवस्थापन गर्नुहुने मित्र टी एन घिमिरेलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

तारानाथ दाहाल
अध्यक्ष
फ्रिडम फोरम

विषयसूची

विषय प्रवेश ७

१. बजेटः कार्यसम्पादन मूल्याङ्कन र अनुगमन ११

क. कार्यसम्पादन सूचकाङ्क र कार्यसम्पादन लक्ष्य १३

ख. कार्यक्षमता मूल्याङ्कन १६

ग. उपभोक्ता सन्तुष्टि सर्भेक्षणको प्रयोग १८

घ. कार्यसम्पादन गुणस्तर लेखापरीक्षण १९

२. बजेटको प्रभाव मापन गर्न नागरिक समाजका सफल प्रयासको घटना अध्ययन २३

क. भारतमा पब्लिक अफेयर्स सेन्टरले सिटिजन रिपोर्ट कार्ड बनाउँछ २४

- परिचय २४
- विधि र पद्धति २६
- उपलब्धि ३३

ख. तान्जानियामा हाकीकाजी क्याटालिस्टद्वारा पिमा कार्डको प्रयोग ३५

- परिचय ३६
- विधि ३७
- नतिजा ४३

३. बजेटको प्रभाव मूल्याङ्कनका अन्य सफल अभियान ४५

क. कोर्डिनाडोरा सिभिलले उपभोक्ता सन्तुष्टी सर्भेक्षणद्वारा

निकारागुवाका सामुद्रिक आँधी राहतको प्रभाव मापन ४७

ख. एसोसां डि इन्भेस्टिगेसं ए स्टडिओज सोसिएले (एसिज) द्वारा ग्वाटेमालामा शिक्षामा भएको खर्च छानबिन ४९

४. सामाजिक उत्तरदायित्वका लागि नेपाली नागरिक संस्थाबाट भएका केही प्रयास ४९

क. सुन्ने बडापत्रले सजिलो बनायो ५०

५. कार्यसम्पादन मूल्याङ्कन अनुगमनका उपाय ५५

६. शब्दार्थ ६१

विषय प्रवेश ...

बजेट निर्माण र कार्यान्वयन सरकारको प्रमुख काम हो । बजेट सरकारको आर्थिक नीति झल्काउने दस्तावेज हो । सरकारले मुलुकको विकास र जनताको हितका लागि के कस्तो निर्णय गर्दैछ र त्यस्ता निर्णय कार्यान्वयनका लागि के कस्तो कार्यक्रम र रणनीति तय गर्दैछ भन्ने विषय बजेटबाट प्रतिविम्बित हुन्छ । सरकारले गर्ने खर्च र त्यस्तो खर्च धान्ने स्रोतको अनुमान नै बजेट हो । नागरिकले सरकारका लागि कर, शुल्क वा दस्तुरहरूमार्फत आवश्यक स्रोत जुटाइदिन्छन् । त्यसरी जुट्ने स्रोत सरकारी बजेटको अभिन्न अङ्ग बन्दछ । त्यसैले बजेट आम सरोकारको विषय हो ।

विश्वव्यापी रूपमा हेर्ने हो भने बजेटका सम्बन्धमा नागरिक चासो आजभोलि निकै बढ्दै गएको छ । खासगरी बजेटका विषयहरूमा नागरिक सहभागिता बढाउन बजेट तयारी, तर्जुमा र कार्यान्वयन तथा खर्चको प्रक्रिया पद्धति र त्यसको परिणामको परीक्षण जस्ता विभिन्न चरणहरूमा नागरिकले आफ्नो सहभागिता खोज्न थालेका छन् । त्यस्तो सहभागिताका लागि बजेटसम्बन्धी सूचना आवश्यक हुने भएकोले यस्तो सूचनामा नागरिकको पहुँच विस्तारका लागि विश्वभर विभिन्न अभियानहरू सञ्चालन भएका छन् । साथै, बजेटसम्बन्धी सूचनाको विश्लेषण र त्यसका बारेमा नागरिक तहमा वकालत गर्ने क्षमता विकास नागरिक समाजको सरोकार र प्राथमिकताको विषय बनेको छ ।

बजेटको पारदर्शिता र प्रभावकारिताका लागि नागरिक समाजका सचेत र सक्रिय संघ–संस्थाहरूले आफ्नो भूमिका बढाउँदै लगेका छन् । विश्वभरी त्यस्ता संघ–संस्थाहरू बजेटको सही उपयोगद्वारा विकासका लक्ष्यहरू प्राप्त गर्न र सरकारलाई उत्तरदायी बनाउनका लागि दबाब सिर्जना गर्न सफल भएका उदाहरण प्रशस्त छन् ।

तर, नेपालमा अझै पनि बजेट तर्जुमा, संसदबाट बजेट पारित गर्ने प्रक्रिया, लक्षित उपलब्धि हासिल भए नभएको तथा नियमअनुसार खर्च भए नभएको परीक्षण गर्ने प्रक्रियामा नागरिक अनुगमन व्यवस्थित र प्रभावकारी हुन सकेको छैन । सरकारमा बस्नेहरूमा जनताको पैसा आफ्नो स्वेच्छाले खर्च गर्ने मानसिकता अझै हटेको

छैन । सरकार, संसद् र लेखापरीक्षण गर्ने निकायको घेराबाहिर बजेटको निर्माण, कार्यान्वयन र त्यसको सफलता वा असफलताबारे पर्याप्त चर्चा हुने गरेको छैन ।

तसर्थ, बजेटका सम्बन्धमा निगरानी र वकालत गर्ने नागरिक पहल अभियानकै रूपमा अगाडि बढाउनु पर्ने खाँचो छ । यसका लागि नागरिक संघ–सस्थाको क्षमता विकास तथा सक्रियता पनि उत्तिकै आवश्यक छ ।

बजेट निर्माणका सन्दर्भमा खासगरी स्थानीय तहका विकास आयोजनाहरू छनोट गर्न र तीनमा रकम विनियोजन गर्ने प्रक्रियामा राजनीतिक दल र तिनका कार्यकर्ताको सक्रियता र दबाबकारी भूमिका रहने गरेको छ । करसम्बन्धी नीति निर्धारणमा उद्योग–वाणिज्य महासंघ, चेम्बर्स अफ कमर्सलगायतका निजी क्षेत्रका संघ–संस्थाका प्रतिनिधिको सक्रियता र प्रभाव पनि रहने गरेको छ । तर, बजेटको प्राथमिकता निर्धारण तथा आमजनताको हितमा बजेट छुट्याउने गरी सामाजिक अभियानहरू सञ्चालन हुन सकेका छैनन् वा भएका अभियानहरू पनि निकै कमजोर छन् । आफूले चाहेको कार्यक्रममा बजेट छुट्याउन मात्र होइन छुट्याइएका रकमहरू लक्षित कार्यक्रम अनुरूप नै खर्च भए नभएकोमा पनि नागरिक चासो जरूरी छ ।

बजेटमा उल्लेखित रकम निर्धारित कार्यक्रममा नै खर्च भए वा अन्यत्र नै सारिए ? खर्च भएअनुरूप विकासको लक्ष्य प्राप्त भयो कि भएन ? खर्च गर्ने प्रक्रियामा अपारदर्शिता र स्वेच्छाचारिताको कारण हिनामिना र अनियमितता पो भयो कि ? तथा बजेटका कार्यक्रम कार्यान्वयन पछाडि तिनको प्रभावकारिता मूल्याङ्कन तथा लेखापरीक्षणमा जनतालाई सहभागी गराइएको छ वा छैन ? जस्ता अनेक विषयमा सरोकार राख्ने सक्षम नागरिक संघ–संस्था आवश्यक पर्दछ ।

बजेट भनेको सार्वजनिक सम्पत्ति हो । त्यस्तो सार्वजनिक सम्पत्ति सार्वजनिक हितमा सदुपयोग गर्नका लागि अधिकारीहरूलाई उत्तरदायी बनाउन नागरिक समुदायले केही महत्वपूर्ण क्षेत्रमा प्रभावकारी हस्तक्षेप गर्न र राज्यलाई आफ्नो लक्ष्य हासिल गर्ने प्रयासमा सार्थक सहयोग प्रदान गर्न सक्छन् । बजेट अनुगमन प्रक्रियामार्फत बजेटका विभिन्न चरणमा सहभागिता जनाएर सार्वजनिक खर्च व्यवस्थापन तथा त्यसको अनुगमनमा संलग्न

सरकार, संसद्, महालेखा परीक्षक र अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्ता निकायलाई उनीहरूको सफलताको लागि नागरिकले सकारात्मक योगदान पनि दिन सक्छन् ।

यसैगरी जनताको वास्तविक हित हुने कार्यक्रम र योजनामा राज्यको सीमित स्रोत विनियोजन गर्न पनि सक्रिय नागरिक संघ-संस्थाले सरकारलाई सहयोग गर्न सक्छन् । धेरैजसो कार्यक्रम र बजेटको निर्णय प्रक्रियामा राजनीतिक दल, पहुँचवाला समुदाय र सांसदहरू तथा विकास र अर्थ प्रशासनका कर्मचारीहरूको मात्र बोलवाला रहँदै आएको सन्दर्भमा तल्लो तहका जनताको पक्षमा निर्णय गराउन नागरिक समुदायले यी प्रक्रिया मार्फत उल्लेखनीय योगदान दिन सक्छन् । त्यसैगरी, बजेटबाट ठोस परिणाम प्राप्त गर्नका लागि सरकारलाई उत्तरदायी बनाइराख्न पनि नागरिक संस्थाहरूले निरन्तर निगरानी गर्न सक्दछन् ।

नागरिक संघ-संस्थाले बजेटसम्बन्धी जानकारी र प्रक्रियाहरू बारे सरल ढङ्गले जनतालाई सुसूचित गराउने अभियान चलाएर सर्वसाधारणलाई उनीहरूको नाममा राज्यले बनाएको विभिन्न कार्यक्रम मार्फत लाभ प्राप्त गर्न पनि सहयोग पुर्‍याउन सक्छन् । त्यस्ता नागरिक र नागरिक समुदायलाई यी विषयमा प्रश्न सोध्न र उत्तर प्राप्त गरी सरकारलाई जवाफदेही बनाउन सक्ने बनाउनका लागि केही ज्ञान र सीप प्राप्त गर्न सहयोग पुर्‍याउने उद्देश्यले यो प्रयास गरिएको हो ।

सरकारी खर्चको नागरिक अनुगमन पद्धतिलाई सुदृढ गराउने अभियानमा विश्वव्यापी रूपमा संलग्न संस्था 'द इन्टरनेश्सनल बजेट प्रोजेक्ट' का लागि विवेक रामकुमारले तयार गर्नु भएको "हाम्रो पैसा, हाम्रो जिम्मेवारी" (आवर मनी, आवर रेस्पोन्सीविलिटी) नामक सहयोगी पुस्तकका आधारमा यो पुस्तिका तयार गरिएको छ । यस पुस्तिकामा बजेटले लिएको लक्ष हासिल गर्न सक्यो-सकेन भनेर गरिने कार्यसम्पादन मूल्याङ्कन तथा अनुगमनको विषयमा नेपालको सन्दर्भमा रहेको नीतिगत र कानुनी व्यवस्था एवं व्यवहारिक प्रचलनको पनि सङ्क्षेपमा उल्लेख गरिएको छ । पुस्तिका पाँच खण्डमा प्रस्तुत छ । कार्यसम्पादन मूल्याङ्कन प्रक्रियाको राष्ट्रिय र अन्तरराष्ट्रिय परिप्रेक्षका विभिन्न पक्षको जानकारीलाई यहाँ प्रस्तुत गरिएकोछ । यस पुस्तिकाको महत्वपूर्ण पक्ष भनेको कार्यसम्पादन मूल्यांकन तथा अनुगमनका विषयमा नागरिक प्रयासमा विश्वका विभिन्न ठाउँमा गरिएका अनुगमनका काम, त्यस्तो अनुगमनमा

प्रयोग भएको विधि तथा त्यसबाट प्राप्त उपलब्धि र प्रभाव बारेमा अध्ययन विवरणहरू उदाहरणका रूपमा प्रस्तुत गर्नु पनि हो । अर्को महत्वपूर्ण पक्ष सो विषयमा नागरिक अनुगमन तथा निगरानीको कार्य गर्न सहयोग पुग्ने व्यवहारिक उपायहरू पनि यहाँ समेट्नु हो । यसैगरी, नेपालमा नागरिकलाई सेवा प्रवाह गर्ने दायित्व भएका सरकारी निकायहरूको कार्यसम्पादन चुस्त होस् र त्यसबाट सामाजिक जवाफदेहिता बढाउन मदत पुगोस् भनी नागरिक संस्था प्रोपब्लिकको पहलमा अवलम्वन गरिएको एउटा सफल विधिको बारेमा पनि जानकारी समेटिएको छ ।

१

बजेटः कार्यसम्पादन मूल्याङ्कन र अनुगमन

बजेटमा विनियोजित रकम खर्च भएपछि लक्ष्य प्राप्त भयो वा भएन भन्ने मूल्याङ्कन गर्ने विभिन्न विधि र प्रक्रिया सरकारले अपनाउँछ । यो वार्षिक, वर्षको अन्त्य वा आवधिकरूपमा निरन्तर चलिरहने प्रक्रिया पनि हुन सक्छ । प्रायः विकास र वित्तीय प्रशासनसँग सम्बन्धित सरकारी कर्मचारीहरूले खर्चको प्रभाव मूल्याङ्कन गर्छन् तर हालैका वर्षहरूमा विश्वका विभिन्न मुलुकमा सर्वोच्च लेखापरीक्षण निकाय (महालेखा परीक्षक) ले पनि खर्च भएको रकमको आधारमा बजेटको कार्यसम्पादन गुणस्तर लेखापरीक्षण सुरू गरेका छन् ।

महालेखा परीक्षकबाट नेपालको अन्तरिम संविधान, २०६३ ले सर्वोच्च अदालत लगायत मुलुकका सबै संवैधानिक कार्यालयहरू, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी लगायतका सबै सरकारी कार्यालय तथा अदालतहरूको लेखा कानुनद्वारा निर्धारित तरिकाबमोजिम मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण हुने व्यवस्था छ ।

सरकारी कार्यालयहरूद्वारा सेवा प्रवाह गर्दा वा कार्यक्रम/आयोजना सञ्चालन गर्दा गराउँदा प्रचलित कानुनअनुसार मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता ल्याउने ढङ्गले सञ्चालन वा कार्यान्वयन भए नभएको परीक्षण गर्ने पद्धति कार्यमूलक लेखापरीक्षणभित्र पर्दछ । यस अन्तर्गत संवैधानिक वा अन्य सरकारी कार्यालयद्वारा प्रवाहित सेवा र कार्य वा सञ्चालन गरिएका योजना र कार्यक्रमको परीक्षण मूल्याङ्कन गरिन्छ । आर्थिक वर्ष २०६१/६२ देखि आरम्भ गरिएको कार्यमूलक लेखापरीक्षण निकै प्रभावकारी भएको पाइएको छ । महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०६७ मा विभिन्न ९ वटा मन्त्रालयअन्तर्गतका १४ वटा विभाग र कार्यालयको कार्यमूलक लेखापरीक्षण सम्पन्न भएको उल्लेख छ ।

दुर्भाग्यवस अधिकांश विकासशील देशले आफ्नो बजेटको वृहत मापन गर्ने प्रणालीलाई संस्थागत गरेका छैनन् । ती देशमा वर्षको सुरू र अन्त्यमा प्रकाशन हुने सरकारी प्रतिवेदनहरूले निर्धारित बजेट सही ठाउँमा खर्च भए-नभएको देखाउँछन् र लेखापरीक्षण प्रतिवेदनले सरकारले वित्तीय कानुन र नियमावली

पालना गरे-नगरेको जाँच गर्छ । तर, यी कागजातले साधारणतया सरकारी खर्चको नतिजा परीक्षण गर्दैनन् ।

बजेटको प्रभाव मापन र मूल्याङ्कन गर्ने विधिहरू फरकफरक छन् । तल प्रस्तुत चार तरिकाबाट सरकारले बजेटको प्रभाव मापन र मूल्याङ्कन गर्न सक्छ ।

क. कार्यसम्पादन सूचकाङ्क र कार्यसम्पादन लक्ष्य

विशेष कार्यसम्पादन लक्ष्य समेत गैरवित्तीय कार्यसम्पादन तथ्याङ्क समावेस भएको बजेटलाई कार्यसम्पादन बजेट वा नतिजामूखी बजेट भनिन्छ । बजेटको कार्यसम्पादन उपलब्धिको लक्ष्य निर्धारण गरेका देशले तिनीहरूका कागजात वा सम्बन्धित रणनीति वा कार्यसम्पादन योजनामा ती समावेस गर्न सक्छन् ।

दुर्भाग्यवस, केही सरकारले बजेट कार्यन्वयनमा जिम्मेवार पदाधिकारीलाई प्रतिवेदन दिन सक्ने वा कार्यसम्पादन मापन गर्न सक्ने नबनाई उपलब्धिमूलक बजेट अवलम्बन गर्न चाहेको देखिन्छ जसले कार्यसम्पादन लक्ष्यको प्रभावकारितालाई अवमूल्यन गर्न सक्छ ।

भारतको प्राथमिक शिक्षा विभागको सन् २००५-०६ को कार्यसम्पादन लक्ष्य उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको छ ।



भारत सरकार, शिक्षा मन्त्रालयको सन् २००५-०६ उपलब्धि र बजेट

कार्यक्रमको नाम	उद्देश्य र उपलब्धि	लागत	परिमाणमुखी कार्ययोजना
सबैको लागि शिक्षा अभियान (सर्व शिक्षा अभियान)	६-१४ वर्ष उमेरका सबै बालबालिकालाई प्राथमिक विद्यालयमा भर्ना गर्ने (जसबाट प्राथमिक शिक्षाको पहुँच, भर्ना, रोकावट गुणस्तरमा सुधार ल्याउने) ।	७८ अर्ब भारतीय रूपियाँ ।	विद्यालय नगएका ८१ लाख ३० हजार बालबालिकालाई विद्यालय भर्ना गर्ने । प्राथमिक तह (कक्षा १-४) मा विद्यालय छाड्नेको सङ्ख्या ५% विन्दुले घटाउने । **विद्यालय पूर्वाधार** क. नयाँ विद्यालयको स्वीकृति ख. विद्यालय भवन निर्माण अ. स्वीकृत आ. तयारी
सबैको लागि शिक्षा अभियान (सर्व शिक्षा अभियान)	६-१४ वर्ष उमेरका सबै बालबालिकालाई प्राथमिक विद्यालयमा भर्ना गर्ने (जसबाट प्राथमिक शिक्षाको पहुँच, भर्ना, रोकावट गुणस्तरमा सुधार ल्याउने) ।	७८ अर्ब भारतीय रूपियाँ ।	इ. निर्माणाधीनग. खानेपानीको व्यवस्था अ. स्वीकृत आ. तयारी इ. निर्माणाधीन घ. शौचालय निर्माण अ. स्वीकृत आ. तयारी इ. निर्माणाधीन **गुणस्तरीय शिक्षा** क. पुस्तकको वितरणख. शिक्षक नियुक्ति ग. शिक्षकलाई सेवाकालीन तालिम
दिवा खाजा	प्राथमिक विद्यालयमा पढ्ने सबै बालबालिकालाई पोषणयुक्त खाना उपलब्ध गराई उनीहरूको पोषण स्तर सुधार गर्ने ।	३३.४५ अर्ब भारतीय रूपियाँ	प्राथमिकता विद्यालयका ११ करोड २० लाख बालबालिकालाई खानाको नियमित प्रावधान

कहिलेकाहिँ सरकारलाई कार्यसम्पादनको सही मापन वा नीतिगत उपलब्धि हासिल गर्न लक्ष्य निर्धारणमा गाह्रो पर्छ । उदाहरणका लागि, अन्य निकायलाई सहयोगी सेवा दिने निकाय जस्तै अर्थ विभागले शिक्षा विभागले तयार गरेजस्तो कार्यसम्पादन मापन तयार नगर्न सक्छ ।

कार्यसम्पादन सूचकाङ्कको निर्माण सेवाबाट प्राप्त हुने नतिजामा नभइ प्रदान गरिने सेवामा केन्द्रित भइरहेका हुन्छन् । यो नै सबै सरकारले गर्ने एउटा गल्ती हो । उदाहरणका लागि, कुनै निकायले लक्षित नीतिको प्रभाव मूल्याङ्कन गर्ने सूचकाङ्क (जस्तै, मातृ मृत्युदर घटाउने) बनाउनुको साटो नीति निर्माणका लागि आयोजना गर्न लागिएका योजनालाई कार्यसम्पादन सूचकाङ्कमा राख्न सक्छ ।

सरकारी निकायहरूले सजिलैसँग मापन गर्न नसकिने सूचकाङ्क पनि बनाउन सक्छन् । उदाहरणका लागि, एउटा निकायले ५० वटा नयाँ बस रूट चलाउने र ती रूटका लागि २०० वटा नयाँ बस खरिद गर्ने लक्ष राख्नुपर्नेमा आफ्नो कार्यसम्पादन मापनमा देशमा सर्वोत्कृष्ट सहरी यातायात सेवा दिने लक्ष राख्न सक्छ ।

बजेटमा समावेस कार्यसम्पादन सूचकाङ्कले सरकारले के प्राप्त गर्न खोजेको हो स्पष्ट देखाउनु पर्छ । र, वास्तविकतामा के प्राप्त गर्न खोजिएको हो अनुगमनकर्तालाई त्यो पनि प्रस्ट हुनुपर्छ । वर्षको अन्तिममा दिने प्रतिवेदन वा सम्बन्धित कागजपत्रले कार्यसम्पादन लक्ष्यलाई वास्तविक नतिजासँग दाज्नुपर्छ ।

कार्यसम्पादन सूचकाङ्कलाई बुझौं

कार्यसम्पादन सूचकाङ्कले गरिएको काम (Input) (जस्तै, अस्पतालमा आवश्यक पर्ने कर्मचारीको सङ्ख्या) वा प्राप्त उपलब्धि (Output) (जस्तै, उपचार सेवा पाउने बिरामीको सङ्ख्या) मा ध्यान केन्द्रित गर्दछ । धेरै कुराले प्रभाव पार्ने र वर्षौं लाग्ने योजनाको वास्तविक प्राप्ति मापन गर्न कठिन भए पनि उपलब्धिलाई सम्बोधन गर्ने सर्वोत्तम सूचकाङ्क (जस्तै, एचआइभी र एड्सको सङ्क्रमणमा कमी) वा कार्यक्रमको दक्षता (जस्तै, प्रति बिरामी भएको खर्च) हुन सक्छन् ।

कार्यसम्पादन मापनको उपादेयता प्रबर्द्धन गर्न प्रायः स्मार्ट (SMART) प्रणालीको उपयोग गरिन्छ । यो प्रणालीअनुसार कार्यसम्पादन सूचकाङ्कमा तलका विषय समेटिएको हुनुपर्छः

विशिष्ट (Specific): यो सूचकाङ्कले के काम, कसले र कहाँ गर्ने स्पष्टरूपमा परिभाषित गरेको हुनुपर्छ ।

मापन गर्न सकिने (Measurable): यो सूचकाङ्कले "कति धेरै ?" भन्ने प्रश्नको उत्तर दिनुपर्छ ।

SMART

प्राप्त गर्न सकिने (Attainable): लक्ष्य निर्धारित समयमा प्राप्त गर्न सकिने हुनुपर्छ ।

वास्तविक (Realistic): सरकारको क्षमता र बाह्य वातावरणको परिप्रेक्ष्यमा लक्ष्य विभिन्न चरणमा प्राप्त गर्न सकिने हुनुपर्छ ।

समय (Timely): लक्ष्यको विशेष समयसीमा हुनुपर्छ । बजेट साधारणतया वार्षिकरूपमा प्रस्तुत गरिने भएकाले बजेटमा समाविष्ट कार्यसम्पादन लक्ष्यले साधारणतः एक वर्षको समय लिन्छ ।

ख. कार्यक्षमता मूल्याङ्कन

केही निकायले कार्यक्षमता मूल्याङ्कन विधि प्रयोग गरी आन्तरिक कार्यसम्पादन अनुगमन गरेको पाइन्छ । जस्तै, प्रशासन वा कर्मचारीका लागि कुल खर्चबाट भएको अंश । ती सूचकाङ्क विशेष समयको नतिजा मूल्याङ्कन वा उस्तै निकायको नतिजासंग दाज्दा दक्षता मापनको उपयोगी मापदण्ड बन्दछ ।



कुल विभागीय खर्चमा प्रशासनिक खर्चको अनुपात

विभाग	वास्तविक			बजेट		
	२००१-०२	२००२-०३	२००३-०४	२००४-०५	२००५-०६	२००७-०८
प्रान्तीय प्रशासन	६.४७	७.६२	९.३४	१२.६२	१२.०३	१२.३८
प्रान्तीय संसद्	३६.६५	३५.३२	३६.९६	४०.२१	४१.६३	४१.६५
प्रान्तीय ढुकुटी	३४.४९	३४.३७	२६.४५	१९.८१	२०.९०	२१.१२
सामुदायिक सुरक्षा	१०.०५	१०.८०	११.८५	१३.७१	१३.९१	१३.९७
शिक्षा	३.५६	३.४६	५.३२	४.५९	४.५४	४.५१
स्वास्थ्य	३.४५	३.१५	५.३२	४.५९	४.५४	४.५१
सामाजिक सेवा	४.८४	४.३	४.४२	५.४९	५.०८	४.७६
हाउजिङ	४.५७	३.८४	४.५७	४.१५	४.५४	४.७
वातावरण मामिला तथा योजना	११.३३	१३.७३	१२.२७	१२.१७	१२.८६	१२.३६
यातायात	१.८३	१.६४	१.७३	२.२९	२.०३	१.८७
कृषि	१४.०५	१३.०६	१८.२६	१३.३३	१२.७४	१२.५६
स्थानीय सरकार	९.०७	१०.१९	२०.३७	२६.७३	३९.०५	३८.६१
आर्थिक विकास र पर्यटन	५.७२	२.५३	९.०२	१४.६२	९.७७	११.१४
सांस्कृतिक र खेलकुद	२.२८	२.७३	१४.०४	१४.१२	१४.५४	१४.६८
जम्मा	४.१२	३.९२	५.००	५.१९	४.८८	४.७९

स्रोत : वेस्टर्न केप प्रान्तीय सरकार २००५, सर्भिस डेलिभरी रिभ्यू । वर्किङ पेपर २००४

अन्तर्राष्ट्रिय रूपमा प्रचलनमा रहेजस्तै नेपालमा पनि सरकारी खर्चलाई पूँजीगत तथा चालु खर्चमा विभाजन गर्ने प्रचलन रहीआएको छ । पछिल्लो पाँच वर्षको यथार्थ चालु खर्चको तुलनात्मक विवरण प्रस्तुत तालिकामा दिइएको छ । चालु खर्चमा उल्लेख्य दरमा निरन्तर वृद्धि भइरहेको देखिन्छ ।



नेपालको चालु खर्चको तुलनात्मक विवरण

शीर्षक	आर्थिक वर्ष र सो वर्षको यथार्थ खर्च (रु. करोडमा)				
	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७
संवैधानिक अंगहरू	१००.१९	८७.६१	१६४.२९	१४१.८१४	१५६.४१
साधारण प्रशासन	९२६.९५	११०७.९०	१३९४.१७	१६८६.०३	१९५७.४६
राजश्व तथा आर्थिक प्रशासन	६०.९४	१००.१२	९१.६६	१२१.२१	१४६.८७
आर्थिक प्रशासन र योजना	३३.०७	६६.३३	३६.१७	३८.०२	५०.२७
न्याय प्रशासन	५६.३४	५८.०१	६७.३२	८१.१५	१०५.१३
वैदेशिक सेवा	८२.६०	८४.६८	१०२.०६	११५.०२	१३७.९२
रक्षा	९७०.६०	१०१२.८९	१०५६.४९	१३७४.८४	१६५७.६०
सामाजिक सेवाहरू	२५३८.२६	२९४९.७६	३५०७.३२	४७४३.७९	६२३९.४७
आर्थिक सेवाहरू	७५२.९८	८३८.४८	९२०.०४	१२०५.२६	१४९२.७३
साँवा र ब्याज भुक्तानी	६१५.८७	६१६.४०	६३७.३७	८१५.४२	९९८.१३
विविध	८६२.६१	७९०.०५	११६७.८०	२४५१.३२	२१५९.९२
जम्मा	**७०००.४१**	**७७१२.२३**	**९१४४.७०**	**१२७७३.८९**	**१५१०१.९१**

(स्रोतः आर्थिक सर्भेक्षण, अर्थ मन्त्रालय)

ग. उपभोक्ता सन्तुष्टि सर्भेक्षणको प्रयोग

कार्यसम्पादन अनुगमनले सेवा दिइयो वा दिइएन र के प्राप्त भयो भन्ने जानकारी दिन्छ । जबकी दक्षता पुनरावलोकनले कसरी सेवा दिइयो भन्ने जानकारी दिन्छ । तर, ती दुवैले सेवा प्राप्त गर्ने सन्तुष्ट भए कि भएनन भन्ने जानकारी दिँदैनन् ।

यस्तो सन्तुष्टिको सूचना प्राप्त गर्ने क्रममा केही सरकारले उपभोक्ता (प्रयोगकर्ता) सन्तुष्टि सर्भेक्षण गर्छन् । ती सर्भेक्षणमा साधारणतया दुई प्रकारका प्रश्न हुन्छन्: ती सेवा आफ्नो चाहना बमोजिम भएको उपभोक्ताले महसुस गरे कि गरेनन् (के तिनीहरूले त्यसको बदला सरकारले अर्को कुनै सेवा देओस् भन्ने चाहे ?) र उनीहरू दिइएको सेवाबाट सन्तुष्ट भए कि भएनन् ?

फिलिपिन्स सरकारले राष्ट्रिय तथ्याङ्क कार्यालयमा कति मानिसले कार्यालय आएको ३० मिनेट भित्रै सेवा पाए भनेर गरेको सन् २००६ को सर्भेक्षण एउटा उदाहरण हुन सक्छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, फिलिपिन्स सरकार, २००६) । त्यसमा भनिएको छः "कार्यालय आएको ३० मिनेट भित्रै सेवा पाउने मानिसको सङ्ख्या १७ प्रतिशत विन्दुले बढेको छ । सन् २००६ को सेप्टेम्बरमा यस्तो सेवा

पाउनेको सङ्ख्या ४४ प्रतिशतबाट ६१ प्रतिशत पुगेको छ । एक वर्ष अगाडि सन् २००५ को डिसेम्बरको तुलनामा यो १४ प्रतिशत विन्दु बढी हो । त्यसबेला ४७ प्रतिशत मानिसले कार्यालय आएको ३० मिनेटभित्र सेवा प्राप्त गरेका थिए ।"

घ. कार्यसम्पादन गुणस्तर लेखापरीक्षण (Value–for–Money Audit)

कार्यसम्पादन मापन प्रणालीले साधारणतया सेवा दिइयो वा दिइएन भन्ने जानकारी दिन्छ तर, यसले सेवा कसरी दिइयो भन्ने प्रायः बताउँदैन । यसको परिणाम के हुन्छ भने सरकारी खर्चका बारेमा नागरिकको धारणा वा सेवाको गुणस्तर जस्ता सरकारलाई फाइदा हुने सूचना प्रायः प्राप्त हुँदैन ।

केही देशमा सरकारी लेखापरीक्षण गर्ने निकायहरूले सरकारी सेवाको मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता थाहा पाउन कार्यसम्पादन गुणस्तर लेखापरीक्षण सुरू गरेका छन् । सही ढङ्गबाट गरिएको खण्डमा यो लेखापरीक्षणले सरकारका कामकाजको राम्रो मूल्याङ्कन गर्न सघाउँछ ।

क्यानाडाको महालेखा परीक्षकको कार्यालयले कार्यसम्पादन गुणस्तर लेखापरीक्षणका लागि चारवटा तरिका अपनाउने गरेको छ (ओएजी, क्यानाडा, २००४):

अ- *घटना अध्ययन (केस स्टडी)* ले राम्रो कार्यसम्पादनसँग नराम्रो कार्यसम्पादनलाई तुलना गरी राम्रो व्यवहारलाई अगाडि ल्याउँछ । यसले किन राम्रो कार्यसम्पादनले अन्यको तुलनामा उत्कृष्ट नतिजा प्राप्त गर्‍यो भन्ने विवरण दिन्छ ।

आ- *कार्यसम्पादन विशिष्टीकरण (बेन्चमार्किङ)* ले विभिन्न निकायको कार्यसम्पादन तुलना गर्न मापन शृङ्खला जस्तै संशाधनको प्रयोग, लागतमूल्य र कार्यदक्षता प्रयोग गर्छ ।

इ- धेरै जनसङ्ख्याबाट नमुना छनौट गरी ८ देखि १२ जनाको *लक्षित समूह* (जस्तै उच्च सरकारी अधिकारी, सेवाग्राही लगायत) बनाई तिनीहरूबाट सरकारले उपलब्ध गराएको सेवाको गुणस्तरको बारेमा धारणा सूचीकृत गर्न सकिन्छ । लक्षित समूहबाट सङ्कलित जानकारी गुणात्मक प्रकृतिको हुने हुँदा यसले वास्तविक धरातलको जानकारी दिन्छ । लक्षित समूहहरू विषय पहिचान गर्न, त्यो काम किन गरियो भन्ने बुझ्न, प्राप्त निष्कर्षबाट सर्भेक्षण प्रश्नावली बनाउन र नीतिगत

विषयमा व्यावहारिक तरिका विकास गर्नमा सहयोगी हुन्छन् ।

ई- त्यस्तै काम गर्ने संस्थासँगको *उच्चस्तरको तुलनाले* पनि एउटा संस्थाको कार्यसम्पादन सम्बन्धमा उपयोगी जानकारी प्राप्त हुन सक्छ । यसमा विभिन्न प्रकारका मापदण्ड जस्तै साङ्गठनिक संरचना, सञ्चालन नीति र समस्या समाधान प्रक्रिया प्रयोग हुन्छ । यसको जोड अरूको अनुभवबाट सिक्ने र बृहत सन्दर्भमा निष्कर्षलाई सङ्गठनमा प्रयोग गर्नेमा हुन्छ ।

बजेटको कार्यसम्पादन के कस्तो रहेको छ भन्ने विषयमा नेपालमा पनि अर्थ मन्त्रालयले आफ्नो धारणा बेलाबखत सार्वजनिक गरी सम्बद्ध मन्त्रालय, विभाग र कार्यालयहरूलाई निर्देशन जारी गरिरहेको पाइन्छ । यसै सन्दर्भमा अर्थ मन्त्रालयद्वारा आर्थिक वर्ष २०६६/६७ मा बजेटको कार्यसम्पादन सम्बन्धमा "बजेटको मध्यावधि मूल्याङ्कन"मा दिइएको सुझाव निम्न अनुरूप छ ।

१. *नेपालमा विकासको लागि स्रोत र साधनको कमी रहनेछ । बरू कमी रहेछ काम गर्ने इच्छाशक्ति र प्रतिबद्धताको,*

२. *राजनीतिक स्थिरता बिना विकासले वाञ्छित गति लिन सक्दो रहेनछ,*

३. *सङ्क्रमणकालमा आर्थिक स्थायित्व र स्थिरता कायम गर्न सकिँदो रहनेछ । साथै, यस्तो अवस्थामा आर्थिक अनुशासन पनि कमजोर बन्दो रहेछ,*

४. *विषयगत मन्त्रालयहरूले स्वामित्व ग्रहण नगरेका नीति तथा कार्यक्रमको तर्जुमाको चरणदेखि नै सरोकारवालाको सहभागिता नभएमा त्यस्ता नीति र कार्यक्रमहरूको कार्यान्वयन गर्न कठिन पर्दो रहेछ,*

५. *विस्तृत सम्भाव्यता अध्ययन, सर्भे डिजाइन, कार्यान्वयन योजना नबनाइकन नयाँ कार्यक्रम घोषणा गर्दा तिनीहरूको कार्यान्वयन अलपत्र पर्दो रहेछ,*

६. *पर्याप्त छलफल र सहमति बिना नयाँ नीति घोषणा गर्न नहुने रहेछ,*

७. *सीमित साधनलाई धेरै आयोजनाहरूमा छर्नु नहुने रहेछ,*

८. *लगानी र सुधार प्रक्रियालाई सँगसँगै लैजानु पर्ने रहेछ, सुधार बिनाको लगानीले मात्र प्रतिफल दिँदो रहेनछ,*

९. *नीतिमा निरन्तरता र निश्चितता चाहिँदो रहेछ,*

१०. *संस्थागत समन्वयको अभावमा नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्भव नहुने रहेछ,*

११. *कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली सुधारको लागि राम्रो परिपाटी रहेछ ।*

(स्रोत: अर्थ मन्त्रालय, आर्थिक वर्ष २०६६/०६७ को बजेटको मध्यावधि मूल्याङ्कन प्रतिवेदन, फागुन, २०६६)

नेपालमा कार्यसम्पादन मूल्याङ्कन र कार्यमूलक लेखापरीक्षण

नेपालमा प्रधानमन्त्रीको कार्यालय, राष्ट्रिय योजना आयोग, मन्त्रालयहरू, विभाग तथा कार्यालयहरूमा गरी विभिन्न तहमा आयोजना तथा कार्यालयहरूको कार्यसम्पादन मूल्याङ्कनको लागि संरचनाहरु खडा गरिएका छन् । यी इकाईहरूले आयोजनाको स्तर र कामको गाम्भीर्यता अनुसार विभिन्न तहमा अनुगमन गरी प्रतिवेदनहरू तयार गर्ने र सुधारका लागि सम्बन्धित निकाय तथा अधिकारीलाई सुझाव दिने गर्दछन् । राष्ट्रिय योजना आयोगले आर्थिक वर्ष २०६७/६८ देखि पाँचै विकास क्षेत्रका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन कार्य सुरू गरेको छ । त्यस्तै, प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय विकास निर्देशन समितिले परियोजनाहरूको कार्यान्वयका सिलसिलामा देखापर्ने समस्यालाई सुल्झाउने कार्य गर्दछ । सबै मन्त्रालयमा सम्बन्धित मन्त्रालयको मन्त्रीको अध्यक्षतामा मन्त्रालयअन्तर्गत सञ्चालित परियोजनाको कार्यसम्पादन मूल्याङ्कन, सुपरीवेक्षण र निर्देशन दिने व्यवस्था रहेको छ ।

नेपालमा महालेखा परीक्षकको कार्यालयले कार्यमूलक लेखापरीक्षण गर्ने कामको सुरूवात आ.व. २०६१/६२ बाट सुरू गरिएको थियो । यस्तो परिक्षण गर्दा आयोजना/कार्यक्रम र निकाय वा विषय आदिसँग सम्बन्धित क्रियाकलापहरूको गहनता, कार्य प्रकृति, जोखिम र सार्वजनिक जवाफदेहीतामा लेखापरीक्षणबाट योगदान पुऱ्याउन सकिने सम्भावनालाई दृष्टिगत गरी मुख्यरूपमा निम्न गतिविधिहरूलाई परीक्षणको क्षेत्रमा समेटिएको छ:

- उद्देश्य प्राप्तिको स्थिति
- लक्ष्य र प्रगतिको तुलना
- कानुन, कार्यविधि र निर्देशिकाको पालना

- भौतिक पूर्वाधारको पर्याप्तता र उपयोग
- सूचना प्रणाली र अभिलेख व्यवस्था
- जनशक्ति व्यवस्थापन
- क्षमता उपयोगको स्थिति
- अनुगमन र मूल्याङ्कन प्रणाली
- कार्यक्रम कार्यान्वयनको स्थिति
- सेवा प्रवाह स्थिति
- कार्यक्रम सञ्चालन र व्यवस्थापन
- वित्तीय स्रोत परिचालन
- समन्वयको स्थिति

(स्रोत: कार्यमूलक लेखापरीक्षण प्रतिवेदनको संगालो, महालेखा परीक्षकको कार्यालय, २०६७)

स्थानीय निकायका लागि न्यूनतम शर्त तथा कार्यसम्पादन सूचक

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले राखेको अपेक्षाअनुरूप स्थानीय निकायको कार्यक्षमता अभिवृद्धि गर्ने, स्रोतसाधन परिचालनमा उनीहरूलाई आत्मनिर्भर बनाउँदै लैजाने, स्थानीय शासनमा जनताको सहभागिता वृद्धि गर्ने तथा विकासका लक्ष्यहरू हासिल गर्न उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोगको सुनिश्चितता ल्याउने उद्देश्यले नेपाल सरकारले आर्थिक वर्ष २०६५/६६ देखि लागु हुनेगरी जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिका लागि न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि तयार गरी लागु गरेको छ ।

न्यूनतम शर्तको पालना तथा कार्यसम्पादन सूचकलाई आधार बनाई सरकारले स्थानीय निकायलाई तोकिएको न्यूनतम अनुदानमा थप रकम प्रदान गर्नसक्ने व्यवस्था छ । स्थानीय स्वायत्त शासन नियमावली २०५६ अनुसार स्थानीय विकास मन्त्रालयले न्यूनतम शर्त पुरा गरेका तथा कार्यसम्पादन सूचकहरूको मूल्याङ्कनमा उत्कृष्ट देखिएका स्थानीय निकायलाई स्थानीय निकाय वित्तीय आयोगको सिफारिस बमोजिम पुरस्कृत गर्ने व्यवस्था पनि छ । यसका लागि जिल्ला विकास समितिलाई १५ वटा शर्त र ६२ वटा कार्यसम्पादन सूचक, नगरपालिकाको हकमा ११ शर्त र ३१ कार्यसम्पादन सूचक तथा गाविसका लागि ११ शर्त तय गरिएको छ । यिनै शर्त र कार्यसम्पादन सूचकका आधारमा सूत्रअनुसार ती निकायले पाउने थप अनुदान निर्धारण गरिन्छ ।

२

बजेटको प्रभाव मापन गर्न नागरिक समाजका सफल प्रयासको घटना अध्ययन

बजेट कार्यान्वयनको प्रभाव मापन गर्न नागरिक समाजका दुई आयोजनाको घटना अध्ययन तल प्रस्तुत गरिएको छ । पहिलो, भारतको सिटिजन रिपोर्ट कार्ड हो जसले सरकारी सेवाप्रति नागरिकको सन्तुष्टि मापन गर्छ । दोस्रो, तान्जानियाको कम्युनिटी स्कोरकार्ड हो जसले स्थानीय समुदायमा सरकारले गर्ने खर्च निरीक्षण गर्छ र सरकारी सेवाबाट नागरिकले प्राप्त गर्ने सन्तुष्टि मापन गर्छ ।

क. भारतमा पब्लिक अफेयर्स सेन्टरले सिटिजन रिपोर्ट कार्ड बनाउँछ

संस्थाको परिचय

सन् १९९६ मा स्थापना भएको गैरनाफामूखी संस्था पब्लिक अफेयर्स सेन्टर (प्याक) देशमा शासनको स्तरवृद्धि गर्न प्रतिबद्ध छ । बैंगलोर नगरपालिकाको निर्वाचनमा नागरिकलाई सुसूचित छनौट दिने सामान्य कामबाट सुरू भएको प्याकले पारदर्शिता, जवाफदेहीता, निर्वाचन र शासन प्रक्रियामा नागरिकको सहभागिता अभिवृद्धि गर्ने काम गर्दै आएको छ । प्याकले नागरिक नीति र सेवासम्बन्धी अध्ययन अनुसन्धान गर्नुका साथै त्यसमा सहयोग, अनुसन्धानका निष्कर्ष सार्वजनिक, सहकार्य र राज्य तथा गैरराज्य निकायलाई परामर्श सेवा प्रदान गर्छ ।

PUBLIC AFFAIRS CENTRE
Committed to good governance

क. परिचय

बैंगलोर भारतको एउटा ठूलो सहर मात्रै होइन, सफ्टवेयर र उद्योगको केन्द्र पनि हो । तथापि यहाँको सरकारी सेवा प्रवाह अत्यन्त कमजोर अवस्थामा थियो । नगरमा सेवा (खानेपानी, फोहोरमैला सङ्कलन, सडक र उद्यान मर्मत) पुऱ्याउने निकायहरू भरपर्दा थिएनन्, र सेवाप्रदायक सबै निकायमा भ्रष्टाचार मौलाएको थियो । यहीबीच भारतको निजी क्षेत्रको ग्राहक सन्तुष्टि सर्भेक्षणबाट प्रभावित भएर सहरवासीको एउटा समूहले सन् १९९३ मा सार्वजनिक सेवाप्रदायकहरूको सेवा मापन गर्न सिटिजन रिपोर्ट कार्डको अभ्यास सुरू गऱ्यो । त्यही समूह लगत्तै

पब्लिक अफेयर्स सेन्टर (प्याक) मा रूपान्तरण भयो । रिपोर्ट कार्डको अभ्यासले सार्वजनिक सेवाको कमजोर कार्यसम्पादनका सम्बन्धमा जनमत तयार पार्नुका साथै सेवामा सुधार ल्याउन सम्बद्ध निकायहरूलाई बाध्य बनायो ।

यस प्रयासअन्तर्गत सेवाग्राहीलाई सोधिएको थियोः तपाइँले प्राप्त गर्नुभएको सार्वजनिक सरकारी सेवा कत्तिको सन्तोषप्रद छ ? सेवाको कुन पक्ष सन्तुष्ट हुने खालको छ र कुन पक्ष छैन ? सेवा प्राप्त गर्न प्रत्यक्ष र अप्रत्यक्ष (घुस सहित) के के त्याग गर्नुपर्छ ?

सन् १९९३ को पहिलो रिपोर्ट कार्ड अभ्यासमा ४८० मध्यमवर्गीय र ३३० गरिब परिवारसँग आठमध्ये एउटा सार्वजनिक सेवाप्रदायकका बारेमा ६ महिनासम्म अन्तरक्रिया गरिएको थियो । ठूलो जनसङ्ख्यालाई सेवा पुऱ्याउने सातवटा निकायलाई केन्द्रमा राखेर सन् १९९९ र २००३ मा यस्तै अध्ययन गरियो । तीनवटा रिपोर्ट कार्ड अभ्यास समेटिएका निकायमा खानेपानी, ढलनिकास बोर्ड, विद्युत बोर्ड, सरकारी अस्पताल, विकास प्राधिकरण र क्षेत्रीय यातायात कार्यालय थिए । सर्भेक्षणमा उपभोक्ताको सन्तुष्टि मापन गर्न प्रयोग गरिएको प्रश्नावलीले कर्मचारीको व्यवहार, कामका लागि कार्यालय धाउनु पर्ने अवधि, सजिलै समाधान भएको समस्या र प्राप्त सूचनाको स्तर थिए ।



सन् १९९३ को अभ्यासले सबै सेवाप्रदायकप्रति नागरिकको सन्तुष्टि निकै कम देखाएको थियो । उदाहरणका लागि, बैंगलोर डेभलपमेन्ट अथोरिटीको सेवाबाट केवल एक प्रतिशत मानिस सन्तुष्ट थिए । प्रायः सबै निकायलाई भ्रष्टाचारले गाँजेको थियो । सर्भेक्षण गरिएका गरिब घरधुरीका एक तिहाइले बिगत ६ महिनाको अवधिमा सरकारी कर्मचारीलाई घुस दिएका थिए । मध्यमवर्गीय परिवारले कर्मचारीको व्यवहार, समस्या समाधान र सेवा लिन धाउनु पर्ने सङ्ख्यालाई साधारणतः कम अङ्क दिएका थिए । गरिब परिवारको स्थिति अझ नाजूक थियो, धेरैजसोले सरकारी कर्मचारीबाटै दुर्व्यवहार सहनु परेको जनाएका थिए ।

उच्च ओहोदाका कर्मचारीलाई यो नतिजाका बारेमा जानकारी गराउनुका साथै व्यापक प्रचारप्रसार गरिएको थियो । धेरैवटा पत्रपत्रिका र म्यागाजिनले सार्वजनिक

सेवामा भएको भ्रष्टाचारलाई विशेष महत्वका साथ प्रकाशन गरेका थिए । सर्भेक्षणको निष्कर्षलाई सहरमा सेमिनार र बैठक आयोजना गरी प्रस्तुत गरिएको थियो । सर्भेक्षणमा सहभागी नभएका नागरिक समूहलाई पनि शृङ्खलाबद्ध खुला छलफलले एकै ठाउँमा ल्याएको थियो ।

यो रिपोर्ट कार्ड अभ्यासलाई सन् १९९९ र सन् २००३ मा दोहोऱ्याइएको थियो । सन् १९९९ को रिपोर्ट कार्डका परिणामले दुई निकायमा सामान्य परिवर्तन देखाएको थियो, तर नागरिकको समग्र सन्तुष्टि निकै न्यून थियो र उत्तरदाताहरू सेवाप्रदायक निकायका कर्मचारीबाट सन् १९९३ मा भन्दा पनि असन्तुष्ट देखिए । त्यसविपरीत सन् २००३ को रिपोर्ट कार्डले सबै निकायमा प्रशस्त सुधार देखायो, उपभोक्ताको सन्तुष्टि सन् १९९९ को अनुपातमा ४० प्रतिशतले वृद्धि भयो ।

ख. विधि र पद्धति

सिटिजन रिपोर्ट कार्ड (सिआरसी) तयार गर्ने प्रक्रियालाई ६ चरणमा विभाजन गर्न सकिन्छ ।(विस्तृत जानकारीका लागि वाग्ले सम्पादित सिटिजन रिपोर्ट कार्ड सर्भेज, अ नोट अन कन्सेप्ट एण्ड मेथोडोलोजी, २००४ हेर्नुहोस्)

पहिलो चरणः सम्भाव्यता, पात्र र उद्देश्यको पहिचान

पहिलो कदमः सिआरसी मूल्याङ्कनको सम्भाव्यता प्रस्ट पार्ने

पहिलो पाइला भनेको सर्भेक्षणमा खासगरी कुन प्रकारका सार्वजनिक सेवा परीक्षण गरिनेछ र निष्कर्षलाई कसरी प्रयोग गर्ने भन्ने परिभाषित गर्नु हो । सिआरसी सर्भेक्षण प्रायः एउटै समुदायमा दोहोरिन्छ । पहिलो सर्भेक्षण कमजोर सेवाप्रदायक पत्ता लगाउन गरिन्छ भने पछिका सर्भेक्षणहरूमा अघिल्लो सर्भेक्षणको निष्कर्षको तुलनामा सेवाप्रदायकमा परिवर्तन भयो भएन हेरिन्छ ।

दोस्रो कदमः विश्वसनीयताको लागि सहकार्य

सर्भेक्षणको निष्कर्षको विश्वसनीयता केही हदसम्म सर्भेक्षण गर्ने संस्थाको हैसियतमा भर पर्छ । केही विषयमा अन्तर्राष्ट्रिय संस्थाको सहकार्यले सर्भेक्षणको विश्वसनीयतालाई बढाउँछ । तर अन्य विषयमा यस प्रकारको अन्तर्राष्ट्रिय संलग्नता प्रभावकारी हुँदैन । कतिपय सन्दर्भमा बेफाइदा पनि हुन सक्छ । उदाहरणका लागि, विश्व बैंक जोसँग प्राविधिक दक्ष जनशक्ति छ, त्यसले सर्भेक्षणमा आर्थिक एवम् प्राविधिक सहयोग दिन सक्छ, तर तिनीहरूलाई सधैं भर गर्नु हुँदैन ।

दोस्रो चरणः
प्रश्नावलीको डिजाइन

पहिलो कदमः सेवाप्रदायक र सेवाग्राहीसँग लक्षित समूह छलफलको आयोजना

सर्भेक्षण गर्ने समूहले सेवाग्राहीको धारणा सङ्कलन गर्नुअघि कुन सेवाग्राहीको सर्भेक्षण गर्ने भनेर निश्चित गर्नुपर्छ । उदाहरणका लागि, ती व्यक्तिले पछिल्ला तीन महिना, ६ महिना, १८ महिनामा लिएको सेवा । सेवाप्रदायकलाई तिनीहरूले दिने सेवा र पहिचान भैसकेका सुधारका बारेमा सोध्नु पर्छ । यी समूहबाट सङ्कलन गरिएको जानकारी प्रश्नावलीमा समावेस गर्नुपर्छ ।

दोस्रो कदमः प्रश्नावलीको संरचना र आकार परिभाषित गर्ने

सर्भेक्षणमा समय र गुणस्तर सीमाले प्रश्नको सङ्ख्या निश्चित गर्छ । एउटा व्यवहारिक कुरा के हुन सक्छ भने प्रश्नावलीलाई घरपरिवारका फरक सदस्यले उत्तर दिन सक्ने गरी विभिन्न भागमा विभाजित गर्ने । अर्को चक्रीय अन्तर्वार्ता हो, जसमा घरपरिवारको एक सदस्यलाई एउटा सार्वजनिक सेवाका बारेमा प्रश्न गरेपछि अर्को सदस्यलाई अर्को सेवाको बारेमा प्रश्न सोध्ने र सो क्रम जारी राख्ने ।

सिआरसी प्रश्नावलीको लागि निर्देशिका

जब कुनै सार्वजनिक सेवाको मापदण्डको कुरा आउँछ, प्रश्नावलीमा त्यो प्राप्त गरियो वा गरिएन भन्ने जाँच्नु पर्छ । उदाहरणका लागि, यदि खानेपानी सेवाप्रदायकले दिनमा एकपटक पानी दिने प्रतिबद्धता जनाएको थियो भने त्यो सेवा दिइयो वा दिइएन भनेर उत्तर खोज्न प्रश्न सोध्नु पर्छ ।

नमुना प्रश्नः *तपाई कतिपटक खानेपानी पाउनु हुन्छ ?*

१. दिनमा एकपटक भन्दा बढी, २. दिनमा एकपटक ३. दिनमा एकपटकभन्दा कम

जुनबेला मापदण्ड हुँदैन (यस्तो स्थिति धेरै देशमा छ) सेवाको स्तर थाहा पाउन अर्को उपाय निश्चितरूपमा खोजिनु पर्छ । स्वास्थ्य केन्द्रको पहुँचका बारेमा प्रतिउत्तर प्राप्त गर्न सकिने यी केही नमुना प्रश्न हुन् ।

विकल्प १ : *तपाईंले नियमित उपचार गराउने स्वास्थ्य केन्द्र पुग्न*

कति समय लाग्छ ? पुनःप्रश्न, तपाईं त्यहाँ कुन साधन प्रयोग गरेर जानु हुन्छ ?

विकल्प २ : *नियमित उपचार गराउने स्वास्थ्य केन्द्र तपाईंको घरबाट कति टाढा छ ?*

दुवै विकल्पले उपयोगी जानकारी दिन्छन् । त्यसकारण त्यस प्रकारको प्रतिक्रिया प्राप्त गर्ने प्रयास गर्नुहोस् जुन सिआरसी र स्थानीय परिवेशमा उपयुक्त हुन्छ ।

आवश्यकताअनुसार समयसीमा बनाई पुराना जानकारीलाई पन्छाउने । उदाहरणका लागि, कुनै व्यक्तिले आफ्नो घरपरिवारबाट गत वर्ष लिएको सेवाको बारेमा मात्र जानकारी दिने चाहना राख्न सक्छ ।

नमुना प्रश्नः *तपाईं वा तपाईंको परिवारका कुनै सदस्यले गत वर्ष सरकारी अस्पतालको सेवा लिएका थिए ?*

यदि तपाईं दूरीसम्बन्धी प्रश्न सोध्नु हुन्छ वा अन्य प्रश्न जसमा एकाई (दूरी किलोमिटरमा, समय मिनेटमा आदि) भने तपाईं प्रश्नमा एकाई स्पष्ट पहिचान हुने हुनुपर्छ । खुला प्रश्नका लागि प्रश्नमा एकाई भए पनि अनुसन्धानकर्तालाई उत्तरमा दिइएको एकाई नोट गर्न भन्नुपर्छ । यसले दोहोरो जाँचलाई सम्भव बनाउनुका साथै जब प्रश्न र उत्तरमा फरक एकाई हुन्छ त्यसले उत्तरदातासँग वार्तालाप गर्ने अवसर प्रदान गर्छ ।

नमुना प्रश्नः *औसतमा तपाईं कति मिनेट एउटा अस्पताल कर्मचारीको पखाईमा बिताउनु हुन्छ ?*

प्रतिक्रिया प्राप्त गर्न विभिन्न प्रकारका उत्तर तह (स्केल) सामान्यतः प्रयोग गरिन्छ । यस्तो तह (स्केल) ले सर्भेक्षणको निष्कर्ष विश्लेषणमा प्रभाव पार्छ, विस्तृत तह (स्केल)ले अस्पष्ट निष्कर्ष दिन्छ भने साधारण तह (स्केल)ले सजिलै बुझाउन सकिने निष्कर्ष दिन्छ ।

नमुना प्रश्नः *तपाईंको क्षेत्र वा गाउँमा उपलब्ध सार्वजनिक यातायात कति भरपर्दा छन् ?*

१. एकदमै २. औसत ३. छैनन् ४. थाहा छैन

अन्त्यमा, प्रश्न भरसक तटस्थ भएर लेख्नु पर्छ । एउटा प्रश्न जस्तै तपाईंले प्राप्त गर्ने सेवामा सबैभन्दा बढी कुन मन पर्दैन ? भनेर सोध्दा सेवाग्राहीबाट प्राप्त हुने उत्तर परिधीभन्दा बाहिर जानसक्छ र सन्तुलनमा ल्याउन अर्को प्रश्नका रूपमा तपाईले प्राप्त गर्ने सेवामा सबैभन्दा बढी कुन मन पर्छ ? भनेर

सोध्नु पर्ने हुन्छ ।

तेस्रो कदमः प्रश्नावलीको पूर्वपरीक्षण

पहिलो पाइलामा सङ्गठित गरिएको लक्षित समूह जस्तै समूहमा प्रश्नावलीको पूर्वपरीक्षण गर्नुपर्छ र सर्भेक्षण सुरू गर्नुभन्दा अगाडि आवश्यक संसोधन गर्नुपर्छ । सर्भेक्षण गर्ने मानिसले पनि कार्यस्थलमा जानुपूर्व त्यसको परीक्षण गर्नुपर्छ र तिनीहरूको प्रतिक्रिया अनुसार प्रश्न सुधार गर्ने वा प्रश्न गर्ने तरिकामा सुधार गर्ने समय राखिनु पर्छ । यदि कुनै प्रश्न धेरै मानिसले बुझ्न सकेनन् र दोधारमा परे भने त्यस्तो प्रश्न परिवर्तन गर्नुपर्छ ।

यदि प्रश्नावली धेरै भाषामा अनुवाद गरिएको छ भने सम्पूर्ण सर्भेक्षणका कागजातलाई पूर्ववत प्राथमिक भाषामा (पहिलो अनुवादक बाहेक अन्य कुनै व्यक्तिबाट) पुनः अनुवाद गरिनु पर्छ ।

तेस्रो चरणः नमुना छनौट (Sampling)

पहिलो कदमः नमुनामा सहभागी गरिनेहरूको भौगोलिक क्षेत्रको पहिचान

नमुनाको आकार निश्चित गर्नुभन्दा अगाडि सर्भेक्षण गरिने भौगोलिक क्षेत्रमा ध्यान दिनुपर्छ । उक्त क्षेत्रलाई घरधुरीको किसिम, बसोबासको समय वा आयको आधारमा विभाजन गर्नु उपयोगी हुन्छ । नमुना सर्भेक्षणको आकार निश्चित भएपछि भिन्न आम्दानीको आधारमा सहभागी घरधुरी चयन गर्नुपर्छ ।

दोस्रो कदमः सर्भेक्षणको नमुना आकार निश्चित गर्ने

बजेट, समय र सङ्गठनको क्षमताले सर्भेक्षणको आकार सीमित गर्छ । गणक (जसले सर्भेक्षणको काम गर्छन्) लाई पारिश्रमिक दिनु पर्दछ र उनीहरूलाई आवश्यक भए सर्भेक्षण स्थलसम्म पुऱ्याउनु पर्छ र जानकारीमूलक पर्चा छाप्नु पर्छ । फरकफरक मानिसको राम्रो सहभागिताले मात्र लक्ष्य प्राप्त गर्न सकिन्छ, धेरै प्रश्नावली भरेर होइन भन्ने कुरालाई ध्यानमा राख्नु पर्छ । सर्भेक्षण गरिने स्थानका धेरैभन्दा धेरै सामाजिक खण्डलाई सहभागी बनाउनु पर्छ । एउटा सेवाको बारेमा जनमत थाहा पाउन ३०० देखि ३५० घरधुरीको नमुना सर्भेक्षण उपयुक्त हुने प्याकको ठहर छ ।

तेस्रो कदमः नमुना उत्तरदाताको छनौट

सिआरसी सर्भेक्षणमा विश्लेषण गरिने प्रमुख इकाई घरधुरी हो । यद्यपि, घरधुरी भित्र पनि नमुना उत्तरदाता छनौट गर्नुपर्ने हुन्छ । घरमुलीलाई प्रमुख उत्तरदाताको रूपमा छनौट गर्नुपर्छ तर सर्भेक्षण विभिन्न भागमा विभाजित भएको खण्डमा उत्तरका लागि घरका अन्य सदस्यलाई पनि सहभागी बनाउनु पर्छ । घरका अन्य सदस्य घरमुलीभन्दा केही प्रश्नमा बढी जानकार हुन पनि सक्छन् । उदाहरणका लागि, कुनै व्यक्ति जो घरबाहिर काम गर्दैन त्यसलाई बाहिर काम गर्ने घरमुलीभन्दा बढी बिजुली काटिने कुराको जानकारी हुन सक्छ ।

राम्रो नमुना छनौट गर्नु सजिलो काम होइन । एउटा उपयोगी तरिका हो र्‍याण्डम नमुना छनौट (Random Sampling), जसमा प्रत्येक घरधुरीलाई एउटा नम्बर दिइन्छ र नम्बरको छनौट र्‍याण्डम गरिन्छ र तिनीहरूमा सर्भेक्षण गरिन्छ । अर्को उपयोगी तरिका स्ट्राटीफाइड र्‍याण्डम स्याम्पलिङ (Stratified Random Sampling) हो, जसमा अनुसन्धानकर्ताले पुरूष महिला, फुसको बस्ती, राम्रो बस्तीजस्ता समूह विभाजन गरेर तिनीहरूबाट र्‍याण्डम स्याम्पल छनौट गर्दछन् । अन्य धेरै प्रकारका नमुना छनौट विधि पनि छन् ।

चौथो चरणः
सर्भेक्षण सञ्चालन

पहिलो कदमः गणकको छनौट र तालिम

सर्भेक्षण गर्ने गणकलाई आयोजनाको उद्देश्य र सर्भेक्षणले त्यसमा के योगदान पुऱ्याउँछ भन्ने राम्रोसँग थाहा हुनुपर्छ । सर्भेक्षण गर्न पठाइनु अघि तिनीहरूले तालिम पाउनु पर्छ । सामान्यतया, महिलासँग अन्तर्वार्ता लिन महिला गणक र पुरूषसँग अन्तर्वार्ता लिन पुरूष गणकलाई प्रयोग गरिए फाइदा हुन्छ ।

दोस्रो कदमः अन्तर्वार्ताको र्‍याण्डम परीक्षण

घरधुरी उत्तरदाता गलत रेकर्डका कारण सर्भेक्षणको विश्वसनीयता गुम्न नदिन अन्तर्वार्तास्थलको र्‍याण्डम अनुगमन उपयोगी हुन सक्छ । यदि सर्भेक्षणको प्रश्न गलत बुझियो वा केही उत्तर उपयुक्त भएनन् भने पुनः अन्तर्वार्ता लिनुपर्ने हुन्छ । गणकले प्रश्न जसरी लेखिएको छ, त्यसरी नै पढ्नु पर्छ । यसले अन्तर्वार्ता लिनेको स्वार्थले उत्तरमा पार्ने प्रभावबाट बचाउनुका साथै सर्भेक्षणका उत्तरबीच राम्रो तुलना गर्न सकिन्छ ।

प्रत्येक अन्तर्वार्ता समाप्त भएपछि सर्भेक्षकले प्राप्त सूचना ठीक भए-नभएको पुनरावलोकन गर्नुपर्छ । त्यसपछि मात्र सङ्कलित सूचना सही हुन्छ र त्यसलाई तथ्याङ्कको रूपमा लिन सकिन्छ ।

पाँचौं चरणः
तथ्याङ्क विश्लेषण

सबै तथ्याङ्क सङ्कलन गरिसकेपछि विश्लेषणको काम प्रारम्भ हुन्छ । उत्तरदाताले सरकारी सेवालाई अङ्क दिएका हुन सक्छन् । उदाहरणका लागि, ५ देखि ५ वा १ देखि ७ सम्म । कुल अङ्क पत्ता लगाउन एकै प्रकारका प्रश्नको उत्तर जम्मा गर्ने, औसत अङ्क निकाल्ने र त्यसपछि यो औसतलाई प्रतिशतमा देखाउने । उदाहरणका लागि, यदि कुनै एक निकायको औसत अङ्क १ देखि ७ को स्केलमा ३.७ छ भने त्यो ५३ प्रतिशत (३.७ लाई ७ ले भाग गर्दा) हुन्छ । यो प्रतिशतलाई रिपोर्ट कार्डमा ग्रेड भनिन्छ ।

सङ्कलित तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय परीक्षण गरी त्यसले ठूलो समुदायलाई प्रतिनिधित्व गर्छ कि गर्दैन र सह-समूहको फरक तथ्याङ्कशास्त्रीय दृष्टिकोणले महत्वपूर्ण छ वा छैन पत्ता लगाउन सकिन्छ । तथ्याङ्कशास्त्रीय विश्लेषण क्षमता भएको व्यक्ति वा समूह (उदाहरणका लागि, विश्वविद्यालयको अनुसन्धान केन्द्र, स्नातकोत्तर विद्यार्थी वा अनुभवी सर्भेक्षण कम्पनी) संस्थामा उपलब्ध छैन भने तिनलाई यो चरणको काम दिन सकिन्छ ।

छैटौं चरणः
नतिजाको प्रसार

पहिलो कदमः अधिकारीलाई सहभागी बनाउने

रिपोर्ट कार्डको नतिजालाई कुनै सेवाप्रदायक निकायमाथि सार्वजनिकरूपमा बेइज्जत गर्न प्रयोग गर्नु हुँदैन । त्यसको बदला, प्राथमिक नतिजा उनीहरूलाई बताएर उनीहरूको भनाई समेत राखेर अन्तिम प्रतिवेदन तयार गर्न र त्यसमा सुझाव समेत दिन सकिन्छ ।

दोस्रो कदमः सञ्चार माध्यमलाई सहभागी बनाउने

रिपोर्ट कार्डको निष्कर्षलाई पत्रकार सम्मेलन वा त्यस्तै कुनै कार्यक्रममा प्रस्तुत गर्न सकिन्छ- । कार्यक्रमको व्यापक प्रसारका लागि सर्भेक्षण संस्थाले छोटा छाप्न सकिने समाचार, प्रेस विज्ञप्ति र स्थानीय भाषामा अनुवाद गरिएको प्रतिवेदनको सारांश प्रेस किटमा दिन सक्छन् । यो समूहले छापा, टेलिभिजन, रेडियो र नयाँ सञ्चारका साधन जस्तै वेबसाइट, डिस्कसन बोर्ड र ब्लगजस्ता फरक सञ्चार माध्यमलाई आकर्षित गर्नुपर्छ ।

तेस्रो कदमः सेवाप्रदायक र सेवाग्राहीबीच सञ्चारलाई बढावा दिने

रिपोर्ट कार्ड प्रकाशित भएपछि सेवाप्रदायक र सेवाग्राहीलाई उनीहरूको प्रतिक्रियाका लागि छलफल गर्ने स्थान बनाइदिनुपर्छ । यस्तो छलफलले सेवाप्रदायकलाई कार्यसम्पादनमा सुधार गर्न दबाब दिन्छ, कम्तीमा सेवाग्राहीलाई आफ्नो विचार राख्न दिइन्छ । यदि सम्भव भएमा सार्वजनिक सुनुवाई जस्तो कार्यक्रम बनाउन सकिन्छ जहाँ सर्वसाधारणले सेवाप्रदायकलाई प्रश्न गर्न सक्छन् ।

चौथो कदमः सन्देश प्रस्तुत गर्ने

अन्तिम प्रतिवेदनले सर्भेक्षणको निष्कर्ष प्रस्तुत गर्नुपर्छ, त्यसबाट निचोड निकाल्नु पर्छ र पहिचान भएका कुनै समस्या समाधानका लागि सुझाव दिनुपर्छ । यसमा सकारात्मक र नकारात्मक दुवै नतिजा हुनुपर्छ र केही अपवादलाई छाडेर यो परिवर्तनको द्योतक बन्नुपर्छ नकी सेवाप्रदायकलाई अपमान गर्ने साधन ।

सिआरसीका बारेमा गहन जानकारीका लागि हेर्नुहोस्, प्याकले निर्माण गरेको इम्प्रुभिङ लोकल गभर्नेन्स एण्ड सर्भिस डेलिभरीः सिटिजन्स रिपोर्ट कार्ड लर्निङ टुलकिट, एसियन डेभलपमेन्ट बैंक र एसियन डेभलपमेन्ट बैंक इन्स्टिच्युट, http://www.citizenreportcard.com/index.html# पिडिएफ संस्करणको परिच्छेदमा अतिरिक्त सामग्री जस्तै प्रेस विज्ञप्तिको नमुना, नमुना अन्तिम प्रतिवेदन र बजेट जाँचसूची (चेकलिस्ट) समावेस छ ।

ग. उपलब्धि

सफलता

सार्वजनिक सेवाबाट नागरिकको सन्तुष्टी विगत १० वर्षमा बैंगलोरमा गरिएका सर्भेक्षणमा उतारचढावयुक्त पाइयो, यद्यपि सन् १९९३ को तुलनामा सन् २००३ को सर्भेक्षणले नागरिक सन्तुष्टीको क्षेत्रमा उल्लेख्य उपलब्धि देखाएको थियो । सन् १९९९ र सन् १९९३ को सर्भेक्षणको तुलना राम्रोसँग हुन नसकेको भए पनि केही निकायले पहिलो रिपोर्ट कार्डमा व्यक्त नागरिक असन्तुष्टीलाई सम्बोधन गर्न थालेको निष्कर्षले देखाएको थियो ।

तीन निकाय (बैंगलोर टेलिकम, विद्युत् बोर्ड र खानेपानी तथा ढल निकास बोर्ड) ले सन् १९९९ को सर्भेक्षणपछि तिनीहरूको सेवाशुल्क सङ्कलन प्रक्रियालाई व्यवस्थित गरे । प्याकको सहयोगमा बैंगलोर विकास प्राधिकरणले आफ्नो रिपोर्ट कार्ड विकास गर्‍यो, जसमा भ्रष्टाचार र सेवामा सेवाग्राहीको प्रतिक्रिया समेटिएको थियो । बैंगलोर सिटी कर्पोरेसन र बैंगलोर विकास प्राधिकरणले गैरसरकारी संस्था, सरकारी कर्मचारीको प्रतिनिधित्वमा उच्च प्राथमिकता प्राप्त समस्या समाधानका लागि संयुक्त मञ्च विकास गरे । सेवा निकै नराम्रो पाइएका सहरका दुई ठूला सरकारी अस्पतालले गैरसरकारी संस्थाले बिरामीलाई सहयोग गर्न र कर्मचारी बढी उत्तरदायी बनाउन तयार गरेको हेल्प डेस्क स्थापनाको प्रस्ताव स्वीकार गरे ।



विभिन्न सुधारले सन् १९९९ र सन् २००३ मा सरकारी कार्यालयहरूको कार्यसम्पादनमा नाटकीय परिवर्तन आएको प्याकले जनाएको छ । त्यसमा अन्तरराष्ट्रिय दातृ संस्थाको दबाब र नागरिक सहभागितालाई प्रोत्साहन गर्ने राज्यका मुख्यमन्त्रीको भूमिका विशेष सराहनीय छ । त्यसको साथै रिपोर्ट कार्ड लागू गर्ने सम्बन्धमा १० वर्ष लामो पैरवी र सञ्चार माध्यमको भूमिकाले सेवाप्रदायक निकायलाई दबाब दिएको थियो ।

चुनौती

सिआरसी आयोजना सम्पन्न गर्न ६ महिनादेखि एक वर्ष वा अझ बढी समय लाग्छ । प्याकले यो पद्धति लागू गर्न चाहने विश्वका अन्य देशलाई सहयोग गर्दै आएको छ र रिपोर्ट कार्ड सर्भेक्षण गर्न चाहने कुनै पनि समूहलाई सहयोग पुऱ्याउन मुद्दाको सूचीसमेत तयार गरेको छ ।

(क) सशक्त नेतृत्वदायी संस्थाको आवश्यकता:

सिआरसी आयोजनाको सफलता मुख्यत: त्यसको नेतृत्व गर्ने संस्थामा भर पर्छ । यो संस्थाको गरिमा सर्भेक्षणमा सहभागी हुनेको नजरमा उच्च हुनुपर्छ र सिआरसी गरिने ठाउँसँग परिचित हुनुपर्छ । संस्था सर्भेक्षणमा अनुभवी र समाजका विभिन्न साझेदारसँग काम गर्न उत्सुक हुनुपर्छ ।

(ख) सामाजिक-राजनीतिक परिवेशको लेखाजोखा:

अर्थपूर्ण परिवर्तनका लागि सरकार सिआरसीको प्रतिक्रियालाई लागू गर्न खोज्ने हुनुपर्छ । अझ, समाजका विभिन्न समूह (सरकार, सञ्चार माध्यम, व्यावसायी र नागरिक) सिआरसी सञ्चालन गर्न चाहने हुनुपर्छ । सर्भेक्षणको प्रश्नको उत्तर दिन नागरिक डराउनु पर्ने अवस्था हुनु हुँदैन र सर्भेक्षक तथा उत्तरदाताको सुरक्षामा प्रश्न उठ्नु हुँदैन ।

(ग) पैरवी रणनीतिको विकास:

पैरवीको काम सधैं सेवाप्रति जिम्मेवार सरकारी निकाय (स्थानीय, राज्य र देश) मा केन्द्रित हुनुपर्छ । यसको अलावा, सिआरसी सर्भेक्षण गर्नेले स्थानीय सञ्चार माध्यमसँग राम्रो सम्बन्ध विकास गर्नुपर्छ जसले सेवाप्रदायकको व्यवहार परिवर्तन गर्न दबाब सिर्जना गर्न सकिन्छ । देशमा मिडिया सेन्सर जति बढी हुन्छ, सामूहिक पैरवी सफल हुने सम्भावना त्यति नै कम हुन्छ । सेवाप्रदायक आफ्नो व्यवहार परिवर्तन गर्न अनिच्छुक भएको सन्दर्भमा पैरवी सफल नहुने सम्भावना हुन्छ । सर्भेक्षणको केही नतिजा सेवाप्रदायकको पक्षमा भएको खण्डमा उनीहरू यो प्रक्रियामा सहजै सहभागी बन्न सक्छन् । रिपोर्ट कार्डलाई निश्चित समयको अन्तरालमा निरन्तर गर्दा सेवाप्रदायकलाई उनीहरूलाई सुधार गर्नुपर्ने क्षेत्रको जानकारी दिन्छ, जसले उनीहरूलाई सर्भेक्षणमा सहभागी हुन अभिप्रेरित समेत गर्छ ।

(घ) प्राविधिक सीपको आवश्यकता:

सिआरसी सर्भेक्षण गर्ने समूहलाई सर्भेक्षण विधि, स्थानीय सेवा नीति र फिल्डको काममा बाहिरी समूहबाट प्राविधिक सहयोग आवश्यक पर्न सक्छ । विश्वविद्यालय र निजी कम्पनी त्यस्तो प्राविधिक ज्ञान भएका मानिस खोज्ने

राम्रो स्थान हुन सक्छन् ।

(ङ) खर्चको व्यवस्थापन:

सिआरसी सर्भेक्षणको खर्च त्यसमा समावेस कुरा जस्तै नमुनाको आकार, सर्भेक्षण गर्न आवश्यक जनशक्ति र तिनीहरूलाई आवश्यक पर्ने तालिम, आवश्यक सूचना सामग्री (कम्प्युटर, फोन आदि), प्रश्नपत्र छाप्ने खर्च, सर्भेक्षणकर्ता र अनुगमनकर्ताको ज्याला, रकम तथा यातायात र सार्वजनिक गर्दा लाग्ने खर्च इत्यादि पर्दछन् ।

प्याकको विस्तृत जानकारी संस्थाको वेबसाइट http://www.pacindia.org मा प्राप्त गर्न सकिन्छ ।

ख. तान्जानियामा हाकीकाजी क्याटालिस्टद्वारा पिमा कार्डको प्रयोग

परिचय

सन २००० मा स्थापना भएको हाकीकाजी क्याटालिस्ट तान्जानियामा रहेको सामाजिक न्यायको पैरवी गर्ने सङ्गठन हो जसले सीमान्तकृत समुदायलाई उनीहरूको जीवनमा प्रभाव पार्ने सरकारी निर्णयविरूद्ध सशक्तीकरण गर्ने र स्थानीय, राष्ट्रिय र अन्तरराष्ट्रिय परिवेसमा उनीहरूको नागरिक र राजनीतिक अधिकार प्राप्त गर्न सहयोग गर्छ । यो संस्थामा १४ जना पूर्णकालीन कर्मचारी छन् र यसलाई सञ्चालक समिति, सल्लाहकार परिषद् र सदस्यले चलाउँछन् । हाकाकाजीले प्रत्येक वर्ष आमनागरिकका लागि सरकारी नीतिसम्बन्धी दजनौं पुस्तक सहज र लोकप्रिय ढाँचामा प्रकासन गर्छ । यसको निर्दिष्ट लक्ष्य गरिब र सीमान्तकृत समुदायलाई सहजकर्ता काम गर्ने, राष्ट्रिय र स्थानीय नीति परिर्वतनका लागि दबाब बनाउने र गरिबी निर्मूल गर्ने हुन् ।

क. परिचय

सन् २००३ मा अर्न्तराष्ट्रिय बजेट आयोजनाले विश्वका ४० राष्ट्रका बजेट पैरवी संस्थालाई मेक्सिकोमा एकीकृत गऱ्यो । त्यहाँ भारतको पब्लिक अफेयर्स कमिटीले सरकारी निकायको सेवाको सफल नागरिक सन्तुष्टी मापनसम्बन्धी रिपोर्ट कार्ड प्रस्तुत गऱ्यो (अघिल्लो केस स्टडी हेर्नुहोस्) । त्यो सम्मेलनमा सहभागी भएका तान्जानियाको आर्थिक एवं सामाजिक न्याय पैरवी संस्थाका निर्देशकले आफ्नो देशमा पनि रिपोर्ट कार्ड विधि सुरू गर्ने निश्चित गरे र देशको परिवेस अनुसार पिमा कार्ड विकास गरे ।

हाकीकाजीको पिमा कार्ड (पिमा भनेको स्वाहिलीमा माप) ले साधारण, लचकदार मूल्याङ्कन साधन उपलब्ध गराउँछ जसबाट सरकारले गरिबी निवारणमा गरेको खर्चको गुणात्मक र सङ्ख्यात्मक सूचना (समुदायले कुन कोष पायो ?) र त्यसको नतिजा (कोष कहाँ प्रयोग भयो ? त्यो आयोजनाले समुदायमा कसरी प्रभाव पाऱ्यो ?) समुदायले प्राप्त गरेको देखिन्छ ।

यो विधिबाट स्थानीय र जिल्ला दुवै सरकारले जिल्ला र स्थानीय तहमा प्रदान गरेको वस्तु र सेवा कार्डको माध्यमबाट जाँचिन्छ । नतिजाको आधारमा जिल्ला र स्थानीय सरकारले समुदायको प्राथमिकता सम्बोधन गर्न उठाउनुपर्ने अघिल्लो कदम थाहा पाउँछन् र सूचना साटासाट गर्ने कामलाई व्यवस्थित गर्दछन् ।

सन् २००३ र सन् २००७ को बीचमा हाकीकाजीले पिमा कार्ड प्रक्रियाद्वारा दुईवटा बजेट अनुगमन सम्पन्न गरेको छ । यसको मुख्य उद्देश्य सरकारले गरिबी निवारणका लागि बजेट निर्माण कसरी गर्छ र स्थानीय तहमा यसको कार्यान्वयन कसरी हुन्छ तथा के तिनीहरूले वास्तवमै गरिब समुदायको कल्याणमा काम गरेका छन् ।

तान्जानिया सरकारको गरिबी निवारण रणनीति अनुगमन प्रणाली स्थानीय स्वाहिली छोटकरी मकुकुटाको नामले लोकप्रिय मकुकुटा मनिटरिङ मास्टर प्लान एण्ड इण्डिकेटर इन्फर्मेसन (२००६) हो, जसले अनुगमन रणनीति कार्यान्वयनमा सबै साझेदार विशेषगरी नागरिक समाजको सहभागितालाई बढावा दिन्छ । त्यो कागजातले मकुकुटाको प्रत्येक लक्ष्यका लागि विशेष सूचकाङ्क तयार गरेको छ, ति नागरिक समाज र अन्य संस्थाले गर्ने अनुगमनका लागि उपयोगी सामग्री भएका छन् ।

ख. विधि

पिमा कार्डमा आठवटा प्रक्रिया अवलम्बन गरिन्छन् ।

पहिलो कदमः
जिल्लास्तरीय पूर्वतयारी

हाकीकाजीले विगत लामो समयको संम्बन्धमा आधारमा अभ्यासमा सहभागी गाउँहरू छनौट गर्छ । साझेदारलाई परिचालन गर्न जिल्ला कार्यशाला आयोजना गर्छ, बजेट अनुगमन प्रणाली र पिमा कार्ड प्रक्रियाका बारेमा जानकारी दिन्छ र उनीहरूको सहयोग प्राप्त गर्छ । सहभागीमा योजना, कृषि, प्राकृतिक संशाधन, शिक्षा, स्वास्थ्य र सामुदायिक विकास विभागका गाउँ वा वार्ड, जिल्ला सरकारी अधिकारी प्रतिनिधि रहन सक्छन् । यो बैठकमा स्थानीय अधिकारीलाई बजेट र योजनाको सूचना नियमितरूपमा (त्रैमासिक) निश्चित ढाँचामा दिन आग्रह गरिन्छ । यदि सम्झौता भएमा यो सूचना सहभागी समुदायमा देखाइन्छ ।

दोस्रो कदमः
सीप विकास

पिमा कार्ड प्रक्रियालाई नेतृत्व दिन सक्ने समुदायका व्यक्ति (विद्यमान सामुदायिक संस्थाबाट) लाई हाकीकाजीले तालिम दिन्छ । यी प्रशिक्षक प्रशिक्षण तालिम मकुकुटा अनुगमन प्रक्रियाको महत्वपूर्ण अङ्ग हो । तिनीहरूले सहभागीलाई बजेटमा सङ्ख्यात्मक र गुणात्मक जानकारी समुदायका लागि सङ्कलन गर्ने तरिका, सरकारी बजेट विश्लेषण र त्यसलाई नीति निर्मातासँग कसरी प्रस्तुत गर्ने भन्ने तरिका सिकाउँछन् ।

तालिममा सहभागी नागरिक समाजका प्रतिनिधि, स्थानीय सरकारी अधिकारी (जस्तै समुदाय विकास कर्मचारी) र हाकीकाजीका अनुसन्धान सहजकर्ता सहभागी हुन्छन् र तिनीहरू पिमा प्रक्रियाको पिमा कार्डको निर्माण, बजेट विश्लेषण, सामुदायिक तालिममा सहजकर्ता र निष्कर्षको विश्लेषण र प्रस्तुतीकरण जस्ता सबै कदममा संलग्न हुन्छन् ।

तेस्रो कदमः
सामुदायिक तहको तयारी

त्यसपछि, हाकाकाजी सहभागी समुदायमा मकुकुटाको विषयमा सार्वजनिक बहस गराउछ । यसको उद्देश्य समुदायलाई मकुकुटालाई त्यसको अनुगमन प्रणाली र गरिबी निवारण रणनीतिमा प्रतिक्रिया बुझ्न सिकाउँछ । सार्वजनिक बहसमा, साधारणतः बजेटको अनुगमन र विशेषगरी गरिबीको कारण, मकुकुटा रणनीति, लक्ष्य र सूचकाङ्क र उद्देश्य र फाइदा बारेमा समुदायले छलफल गर्छन् । समुदायका सदस्यसँग सानो समूहमा छलफलपछि अनुगमन गर्न चाहेको दुईवटा क्षेत्र जस्तै शिक्षा, स्वास्थ्य, सडक, कृषि वा खानेपानी छनौट गर्छन् । प्रत्येक समुदायले अनुगमन समितिमा काम गर्न सातदेखि १५ सदस्य छनौट गर्छन्, जसले छनौट गरिएको प्राथमिक क्षेत्रमा पिमा कार्ड प्रयोग गरी सूचना सङ्कलन गर्छन् । समुदायका सबै पक्ष युवा, महिला, वृद्ध र अपाङ्ग समावेस हुनेगरी सदस्य छनौट गरिन्छ ।

चौथो कदमः
ग्रामीण पिमा कार्डको डिजाइन

अनुगमनकर्ताले अनुसन्धानका लागि आफ्नो समुदायमा भएको खर्च पिमा कार्ड प्रयोग गरी सङ्ख्यात्मक र गुणात्मक आधारमा सङ्कलन गर्छन्, साथैः

- जिल्लाको बजेटमा कुन मकुकुटा शीर्षकको निश्चित काममा रकम विनियोजन गरिएको छ ।
- त्यो क्षेत्रमा समुदायले विगत १२ महिनामा कति बजेट प्राप्त गऱ्यो (Input).
- विगत १२ महिनामा समुदायमा के कति क्रियाकलाप सम्पन्न भए (Output) ।
- ती क्रियाकलापमा कति रकम वास्तविक खर्च भयो ।
- ती कामबाट समुदायले कुन तहको सन्तुष्टी पायो ।

- विगत १२ महिनामा समुदायमा सम्पन्न कुन मकुकुटा कार्यमा जिल्लाबाट बजेट विनियोजन भएको थिएन (कहाँबाट बजेट आएको थियो), र
- महत्वका आधारमा श्रेणी विभाजन गरेका समुदायका प्राथमिक मुद्दा के के हुन् ।

साधारण बजेटमा कृषि र बजारमा भएको खर्चको सूचना सङ्कलन प्रक्रिया तल देखाइएको छ । हाकीकाजीले समुदायको प्राथमिकता क्षेत्रमा खर्च अनुगमन गर्न यस्तै प्रकारको पिमा कार्ड निर्माण गर्दछ ।

ग्रामीण पिमा कार्डको नमुना (ग्रामीण विकास बजेट)

कृषि र बजार				
विकास बजेट खर्च	बजेट रकम	रकमको स्रोत	वास्तविक खर्च	खर्चबाट लक्षित उपलब्धि हासिल भयो ?

यो ग्रामीण पिमा कार्ड भर्न हाकीकाजीले निम्न निर्देशन दिएको छ ।

- पिमा कार्ड गाउँको विकास बजेट प्रयोग गरेर भर्नुपर्छ ।
- रकमको स्रोत उल्लेख गर्नुपर्छ । उदाहरणका लागि, के त्यो पैसा सरकारले दिएको थियो वा समुदायको योगदान थियो वा कुनै संस्थाको ?
- विकास कार्यमा भएको वास्तविक खर्च उल्लेख गर्नुपर्छ । यो गाउँमा रहेको बैंकको विवरण वा गाउँ सरकारको लेखा पुस्तिकाबाट प्राप्त गर्न सकिन्छ ।
- अन्त्यमा, काम कहाँ सम्पन्न भयो र गाउँलेहरूले चाहेजस्तो फाइदा त्यसबाट प्राप्त गरे वा गरेनन् भन्ने उल्लेख गर्नुपर्छ । यो सूचना कार्यस्थलको भ्रमणपछि मात्र कार्डमा भर्नुपर्छ ।

तल प्रस्तुत तालिका ग्रामीण पिमा कार्डको नमुना हो जसमा कृषि तथा बजारमा भएको खर्चको गुणात्मक सूचना सङ्कलन गरिन्छ ।

ग्रामीण पिमा कार्डको परिदृष्य (उत्पादन एकाईहरू)

कृषि र बजार					
ख १	विस्तृत सेवा				
	तपाईको गाउँले गत वर्ष कुन प्रकारको विस्तृत सेवाको सुझाव दिएको थियो र तपाई यो सेवाबाट कति सन्तुष्ट हुनुहुन्छ ?				
		प्राप्त नभएको	कमजोर	सन्तुष्टिपूर्ण	राम्रो
	विषादी व्यवस्थापन परिस्कृत बीउ भू-संरक्षण किसान सहजकर्ता सङ्घ सिँचाइ प्रविधि अन्न प्रशोधन				

यो कार्ड भर्न हाकीकाजीले निम्न निर्देशन जारी गरेको छः

- कृषि विशेषज्ञबाट विगत १२ महिनामा प्राप्त गरेको तालिम वा नवीन जानकारी सूचीकृत गर्ने ।
- यदि तालिम वा नवीन जानकारी विगत १२ महिनामा प्राप्त भएको छैन भने बक्समा प्राप्त नभएको लेख्ने ।
- यदि सेवा प्राप्त भएको छ भने सेवाको स्तर कमजोर, सन्तुष्टीयुक्त वा राम्रो कस्तो थियो छलफल गरी सम्बन्धित बक्समा लेख्ने ।

यस्तै किसिमको निर्देशन अन्य सेवा वा पूर्वाधारका विषय जस्तै कृषि ऋणमा पहुँच, बीऊ र मलमा पहुँच र सिँचाइको सुविधा पिमा कार्डमा सङ्कलन गर्न दिइएको छ ।

पाँचौँ कदमः
जिल्लास्तरीय पिमा कार्डको निर्माण

जिल्लास्तरीय पिमा कार्डलाई जिल्लास्तरीय स्वमूल्याङ्कन भनिन्छ र यो कार्ड जिल्लाका सरकारी अधिकारीले भर्छन् । मूल्याङ्कन अभ्यासका लागि समुदायले छनौट गरेको प्रत्येक क्षेत्रका लागि हाकीकाजीले स्वमूल्याङ्कन फर्म बनाउँछ । उदाहरणका लागि, जिल्ला कृषि कार्यालयले स्वमूल्याङ्कन फर्म भर्नुपर्छ । स्वमूल्याङ्कन फर्ममा समावेस गरिने प्रश्नले समुदायमा उठेका प्रश्नलाई प्रतिनिधित्व गर्नुपर्छ । उदाहरणका लागि, कार्डले बजेटमा उल्लेखित मकुकुटा क्रियाकलाप, रकमको स्रोत, वास्तविक खर्च र त्यसको प्रभावका बारेमा सोध्नुपर्छ ।

जिल्लास्तरीय स्वमूल्याङ्कन कार्डको नमुना

कृषि र बजार	
क	बाली उत्पादन
क.१.	बालीको गुणस्तर कुन गुणस्तरका बालीहरू जिल्लामा विगत तीन वर्षमा उत्पादन भए ? बाली २००४ २००५ २००६ .... उत्पादन बढ्नु र घट्नुका कारण के हुन् ?
ख	साधारण प्रश्न
ख.१.	जिल्लामा कृषि र पशुपालनले बेहोर्नु परेका पाँच मुख्य समस्या महत्वको आधारमा सूचीकृत गर्नुहोस् ।
ग	विस्तृत सेवा
ग.१.	गत वर्ष तपाईंका कृषि विज्ञले खेतीपातीका लागि कुन समुदायलाई तालिम, जानकारी वा सामग्री दिए ? विषादी व्यवस्थापन............................... परिस्कृत बीऊ............................ भू-संरक्षण.........................

छैटौं कदमः
पिमा कार्डमा सूचना सङ्कलन

गाउँमा सूचना सङ्कलन गर्ने कामले साधारणतयाः दुई साताको समय लिन्छ । हाकीकाजी र यसका सहजकर्ताले एउटा गाउँ समितिमा पिमा कार्डमा तथ्याङ्क कसरी सङ्कलन गर्ने तालिम दिन्छन् र सोही गाउँ समितिको समुदायमा परीक्षण गर्छन् । आवश्यकता महसुस भएमा परीक्षणपछि पिमा कार्डमा परिमार्जन गरिन्छ र त्यसलाई अर्को गाउँका अनुगमनकर्तालाई तालिम दिन प्रयोग गरिन्छ ।

हाकीकाजीका तालिमप्राप्त सहजकर्ताको सहयोगमा गाउँ अनुगमन समितिले गाउँ सरकारको बैंक खाता, लेखा पुस्तिका र भौचरले जिल्लाबाट प्राप्त बजेट र गाउँमा भएको खर्चको जानकारी सङ्कलन गरी विश्लेषण गर्छन् । आवश्यक देखिएको खण्डमा, हाकीकाजीले अझ परिस्कृत गर्न ती जानकारी पुनरावलोकन गर्छ । पिमा कार्ड भर्ने काम सकिएपछि हाकीकाजीका सहजकर्ताले गाउँ अनुगमन समितिलाई जानकारीको सारांश खिच्न सहयोग गर्छन्, जुन पछि गाउँको बैठकमा प्रस्तुत एवं छलफल गरिन्छ ।

सातौँ कदमः
स्थानीय सरकारको बजेटको विश्लेषण

अनुगमनका लागि छानिएका क्षेत्रमा कति बजेट विनियोजन गरिएको थियो भन्ने थाहा पाउन हाकीकाजीले जिल्लाको बजेटको विश्लेषण गर्छ । जिल्ला योजना कार्यालयबाट प्राप्त जिल्लाको बजेटले स्वीकृत खर्च देखाउँछ जुन गाउँ सरकार र सेवाप्रदायकलाई जान्छ । जिल्ला बजेट विश्लेषण निम्न कुरा थाहा पाउन गरिन्छः

- छानिएका क्षेत्रमा हुने चालु (सञ्चालन बजेट) खर्च र विकास (नयाँ कार्यक्रमका लागि सञ्चालन र पुँजीगत खर्च) खर्च ।
- छानिएका क्षेत्रको कुन मकुकुटा क्रियाकलाप बजेटमा समावेस छ ।

- छानिएका क्षेत्रको कुन मकुकुटा क्रियाकलाप बजेटमा समावेस छैन, र
- अन्य खर्च शीर्षकमा भएको खर्च र मकुकुटा क्रियाकलापलाई छुट्याइएको विकास (पुँजीगत) खर्च ।

हाकीकाजीले आफ्नो बजेट विश्लेषण जिल्लाका पदाधिकारी (स्वमूल्याङ्कनद्वारा) र समुदायले भरेको पिमा कार्डको नतिजाको आधारमा गर्छ ।

आठौँ कदमः
विश्लेषण र प्रतिक्रिया

जिल्ला र समुदायले दिएको सूचनाको आधारमा रिपार्ट तयार गरिन्छ, सहकर्मी (पियर) ले विश्लेषण गर्छन् र त्यसलाई समुदाय र स्थानीय सरकारको अगाडि प्रस्तुत गरिन्छ । त्यसपछि समुदायका प्रतिनिधि र स्थानीय सरकारका अधिकारीले बैठक गरी अनुगमनको नतिजामा छलफल गर्छन्, समुदायको प्राथमिकता सम्बोधन गर्न चाल्नुपर्ने कदम निक्यौंल गर्छन् र सूचना आदानप्रदानलाई कसरी निरन्तरता दिने निश्चित गर्छन् ।

पिमा कार्ड अध्ययनको नतिजा समुदायस्तर (जहाँ गाउँ सरकारले काम गर्छ), जिल्ला र क्षेत्रीयस्तर (जहाँबाट गरिबको पक्षमा मुख्य नीति निर्णयमा प्रभाव पार्न सकिन्छ) र राष्ट्रियस्तर (जहाँ नीति निर्माताले त्यसमा योगदान गर्न सक्छन्) सँग आदानप्रदान गरिन्छ ।

सरकारको सबै तहमा गरिब केन्द्रित निर्णय गराउन हाकीकाजीले अरू नागरिक समाजका संस्थासँग पनि सहकार्य गर्छ ।

ग. नतिजा

सफलता

अगाडि भनिएझैं हाकीकाजीले पिमा कार्डको अध्ययन दुईपटक मात्र गरेको छ । यद्यपि, यसले ग्रामीण विकास खर्चको समस्या पहिचानमा केही सफलता प्राप्त गरिसकेको छ । उदाहरणका लागि, सन् २००६ को हाकाकाजी योजनामा सहभागी एउटा समुदाय तान्जानियाको उत्तरी गाउँ आरूसामा बसोबास गर्ने मकोनु हो । मकोनु ग्राम परिषद्ले अनुगमनका लागि प्राथमिक शिक्षा कोष छनौट गर्‍यो र निम्न कुरा पत्ता लाग्योः

- गाउँको बैंक खाताबाट निकालिएको तान्जानिया सिलिङ ९,३००,००० (करिब ७,५०० अमेरिकी डलर) मध्ये तान्जानिया सिलिङ १,१००,००० (करिब ८८० अमेरिकी डलर) को खर्चमा कुनै तथ्याङ्क भेटिएन ।
- त्यस वर्ष बनाइएको विद्यालयको स्थलगत अनुगमनले बजेटमा लेखिए (सरकारी मापदण्ड) भन्दा कम गुणस्तरको पातलो जस्ताले विद्यालय छाएको पाइयो । त्यो पातलो जस्ता हावाहुरी चल्दा सजिलै उडाउन सक्छ ।
- शिक्षक भवन बनाउन छुट्याइएको तान्जानिया सिलिङ १,१२४,७०० (करिब ९०० अमेरिकी डलर) को कुनै लेखाजोखा गाउँ सरकारसँग थिएन तर त्यो रकम बैंकबाट निकालिएको थियो ।

गाउँ अनुगमन समिति र हाकीकाजीले उजागर गरेको कोषको दुरूपयोगले गाउँ, वार्ड र जिल्ला सरकारको ध्यान खिच्यो । जिल्ला सरकारले तत्काल अनुसन्धानका लागि एक टोली गठन गऱ्यो । यो लेखिरहेको बेला, सरकारको भ्रष्टाचार रोकथाम ब्युरोले जिल्लाका अधिकारी पनि संलग्न छन् कि भन्ने आशंकामा अनुसन्धान गरिरहेको छ । समुदायमा आधारित अनुगमनले कसरी स्थानीय सरकारको जवाफदेहीता बढाउँछ र अन्ततः गरिबको जीवनमा सुधार ल्याउँछ ? हाकीकाजीले यस्तो सफलता अन्य समुदायमा पनि पाएको छ ।

चुनौती

हाकीकाजी सरकारको निर्देशनमा आधारित छ, जसअनुसार नागरिक मागेको खण्डमा स्थानीय सरकारले खोजेको सूचना दिनुपर्छ । यद्यपि, राष्ट्रिय सूचना ऐनको अभावमा हाकीकाजी र पिमा कार्ड लागू गर्न चाहने स्थानीय समुदायका लागि सूचना प्राप्त गर्नु प्रमुख अवरोध थियो ।

हाकीकाजीले सूचना सङ्कलनको क्रममा सहजतकर्ताको भूमिकामा फरक महसुस गऱ्यो जसले गर्दा तयारी पिमा कार्ड पनि फरकफरक भए । भविष्यमा, सबै सहजकर्ता प्रतिबद्ध र योग्य भएको सुनिश्चित हुनुपर्छ ।

अन्त्यमा, जथाभावी प्रस्तुति र निश्चित दिशा नभएका कारण जिल्लाको बजेट विश्लेषण गर्न कठिन र बढी समय लाग्ने हुन्छ । बजेटका कागजपत्रले साँचो विवरण दिने र बजेटको सीमाका कारण ती काम गर्न सकिन्छ भन्ने कुरा प्रायः प्रश्न उठाउनु पर्ने हुन्छन् ।

यी चुनौती हुँदाहुँदै पनि हाकीकाजीले पिमा कार्ड प्रक्रियालाई सुधार गर्न र आफ्नो खर्च लेखाजोखा अनुभवलाई अन्य समुदाय र जिल्लामा काम गरी निरन्तरता दिने अठोट गरेको छ ।

हाकीकाजीको जानकारी संस्थाको वेबसाइट
http://www.hakikazi.org मा प्राप्त गर्न सकिन्छ ।

३

बजेटको प्रभाव मूल्याङ्कनका अन्य सफल अभियान

सरकारी बजेटको प्रभाव मूल्याङ्कन गर्ने थप दुई नागरिक समाजका सफल आयोजनाको घटना अध्ययन (केस स्टडी) यहाँ प्रस्तुत गरिएको छ । पहिलो, आयोजना निकारागुवाको हो जसमा सामुद्रिक आँधी पीडितका लागि सरकारबाट सञ्चालित राहत कार्यक्रमको प्रभाव र नागरिकले त्यसबाट प्राप्त सन्तुष्टी मापन गर्दछ । दोस्रो, ग्वाटेमालाको प्रयासले स्थानीय सर्भेक्षणद्वारा सरकारको शिक्षा कार्यक्रमको प्रभाव अनुगमन गरेको छ ।

क. कोर्डिनाडोरा सिभिलले उपभोक्ता सन्तुष्टी सर्भेक्षणद्वारा निकारागुवाका सामुद्रिक आँधी राहतको प्रभाव मापन

सन् १९९८ मा मित्स नामक सामुद्रिक आंधीले ल्याएको विपत्तिपछि सरकारले अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त अनुदान व्यवस्थापनप्रति नागरिक समाजको चासो बढ्यो । यसको अलावा दल र धर्मका आधारमा राहत वितरणमा भेदभाव भएको र अनुदान व्यक्तिगतरूपमा प्रयोग भएको हल्ला त्यहाँ चलेको थियो । स्थानीय नागरिक समाज कोर्डिनाडोरा सिभिल पारा ला इमर्जेन्सीया यला रिकन्स्ट्रक्सनले त्यो हल्ला ठीक हो होइन जाँच्ने निर्णय गऱ्यो । किनभने धेरै प्रभावित समुदायले अनुदान कहाँ खर्च भयो भन्ने थाहा पाएका थिएनन् । त्यसकारण कोर्डिनाडोरा सिभिलले अनुदानमा नागरिक समाजको धारणा परीक्षण गर्ने निधो गऱ्यो ।

पहिलो चरणको सर्भेक्षण र अन्तर्वार्तामा ६१ वटा नगरपालिकाका करिब १०,००० घरधुरीका साथै १७९ समुदायका नेता, ४८ नगरप्रमुख, गैरसरकारी सङ्गठन र संस्थाका ८२ निर्देशकलाई समावेस गरियो । कसले राहत दियो, कति राहत दियो र राहत उपयुक्त थियो थिएन जस्ता प्रश्न अन्तर्वार्तामा सोधियो ।

दोस्रो चरणमा, कोर्डिनाडोरा सिभिलले राहत पाउनेको स्थितिमा सुधार आयो आएन र तिनीहरूले सरकारी (र अन्य संस्था) को राहत कार्यक्रमलाई कसरी मूल्याङ्कन गरे भन्ने विषयमा घरधुरीको धारणा मापन गऱ्यो । करिब ६,००० घरधुरी सर्भेक्षण गरिएकोमा २३ प्रतिशतले आफ्नो अवस्थामा परिवर्तन आएको, ३४ प्रतिशतले कुनै परिवर्तन नआएको र ३७ प्रतिशतले स्थिति अझ जटिल बनेको बताए । सामुद्रिक आँधी प्रभावितलाई राहत दिन सरकारले गरेको महत्वपूर्ण

काम बारे सोधिँदा ६० प्रतिशतले केही नभएको, २९ प्रतिशतले केही काम बताए र १० प्रतिशतले कुनै उत्तर दिएनन् । जब राहत दिने नागरिक समाज, धार्मिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्गठनको बारेमा सोधियो, ४९ प्रतिशतले अन्तर्राष्ट्रिय संस्था, २७ प्रतिशतले गैरसरकारी संस्था, १८ प्रतिशतले रेडक्रस र ६ प्रतिशतले धार्मिक सङ्गठनको नाम लिए । यो परीक्षणले हालसालै कृषि, घरजग्गा र खाद्यान्न सहयोग पाउने घरधुरीको पनि मापन गऱ्यो ।

कोर्डिनाडोरा सिभिलले समुदायले तत्काल पुनर्निर्माण गर्न आवश्यक विषयमा समुदायको धारणा पनि पहिचान गर्न चाह्यो । यसमा समुदायबाट भावनात्मक तनाव, महिलामाथि अभद्र व्यवहार (धेरैले यस्तो व्यवहार सामुद्रिक आँधीपछि बढेका थिए) र भविष्यमा आउने दैवीप्रकोपको लागि राम्रो तयारी गर्नुपर्ने सुझाव आएको थियो । त्यसपछि कोर्डिनाडोरा सिभिलले समुदायका नेता र घरमुलीको अन्तर्वार्ता लिई ती समस्या र सामुद्रिक आँधीले तिनीहरूमाथि पारेको प्रभाव मापन गर्ने निधो गऱ्यो । सर्भेक्षणको नतिजाका साथ अन्तिम मूल्याङ्कनको नतिजा सर्भेक्षणका सबै सहभागीलाई पठाइयो ।

कोर्डिनाडोरा सिभिलले यो रिपोर्टलाई दाता सरकार, संस्था र निकारागुवा सरकारको आधिकारिक रिपोर्टसँग तुलना गऱ्यो । यो मूल्याङ्कनले राहत वितरण अव्यवस्थित भएको आरोपलाई स्थापित गऱ्यो । यो समूहले रिपोर्टको निष्कर्ष स्थानीय संस्थासँग बाँड्यो र त्यसपछि सरकारी निकाय, राष्ट्रिय सङ्घसंस्था, अन्तर्राष्ट्रिय संस्था र सञ्चार माध्यमलाई दियो । पत्रकारहरूले रिपोर्टको आधारमा थप जानकारी प्राप्त गरी प्रकाशित गर्दै गए ।

सरकारले सुरूमा सर्भेक्षणको निष्कर्ष अस्वीकार गऱ्यो र त्यसपछि रिपोर्ट बनाउनेलाई दुःख दिन थाल्यो । यद्यपि यो मूल्याङ्कनले सन् २००३ मा तत्कालीन राष्ट्रपति अर्नोल्डो अलेम्यानलाई सम्पत्ति शुद्धीकरण र भ्रष्टाचारको मुद्दामा जेलमा पुऱ्यायो (क्युरोज, २००५) ।

कोर्डिनाडोरा सिभिलसम्बन्धी जानकारी संस्थाको वेबसाइट
http://www.ccer.org.nil मा प्राप्त गर्न सकिन्छ ।

ख. एसोसां डि इन्भेस्टिगेसं ए स्टडिओज सोसिएले (एसिज) द्वारा ग्वाटेमालामा शिक्षामा भएको खर्च छानबिन

मध्य-अमेरिकी देशमध्ये ग्वाटेमालामा शिक्षाको स्तर सबैभन्दा कम छ । सन् २००२ मा जनसङ्ख्याको ३१ प्रतिशतभन्दा बढी मानिस निरक्षर थिए, विद्यालय छाड्ने वार्षिक दर करिब ५० प्रतिशत थियो (ग्रामीण क्षेत्रमा यो दर ७५ प्रतिशत पुग्थ्यो) र शिक्षामा लगानी कुल गार्हस्थ उत्पादन (जिडिपी) को सात प्रतिशतभन्दा

कम थियो जबकी ग्वाटेमालाका छिमेकीले जिडिपीको करिब १० प्रतिशत शिक्षामा लगानी गरिरहेका थिए ।

शिक्षा मन्त्रालयले सन् १९९६ मा विद्यालय छाड्ने दर कम गर्न सबै विद्यार्थीका लागि निःशुल्क खाजा र खाना, निःशुल्क पाठ्यपुस्तक वितरण जस्ता विभिन्न कार्यक्रम सुरू गरेको थियो । यद्यपि सात वर्षपछि पनि शिक्षाको गुणस्तरमा तात्विक अन्तर आएको देखिँदैन ।

सन् २००२ मा अनुसन्धान र पैरवी गर्ने संस्था एसिजले देशभरका ७७ वटा गैरसरकारी संस्थासँग मिलेर ग्राण्ड नेसनल क्याम्प फर एजुकेसन (जिसिएनइ) लागू गऱ्यो । त्यसैबेलादेखि जिसिएनइले समुदायमा लक्षित सर्भेक्षण (जसलाई सामाजिक लेखाजोखा भनिन्थ्यो) सुरू गऱ्यो जसले खाजा र खाना खुवाउने सरकारी प्राथमिक विद्यालयको अनुगमन गर्दथ्यो ।

त्यसबेला सरकारले शिक्षा कार्यक्रमको विस्तृत सूचना दिँदैनथ्यो । त्यसकारण जिसिएनइ प्रत्येक सरकारी विद्यालयबारे जानकारी पाउन आफ्नै सर्भेक्षणमा भर पर्नु पऱ्यो । जिसिएनइले देशभरीका विद्यालय छनौट गर्न वैज्ञानिक स्ट्राटिफाइड स्याम्पलिङ विधि (Stratified Sampling Method) अपनाएको थियो । यो सर्भेक्षणले प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीलाई विद्यालयमा पाइने निःशुल्क खाजा र खाना सम्बन्धमा तिनीहरूको जानकारी, त्यसका लागि विनियोजित बजेटको पर्याप्तता र तिनीहरूको सन्तुष्टीलाई लक्षित गरेको थियो ।

यो सर्भेक्षणले देशमा शिक्षाको क्षेत्रमा सुधार नभएको सत्य उजागर गरेको थियो । उदाहरणका लागि, एउटा सर्भेक्षणले करिब ८० प्रतिशत प्रधानाध्यापकलाई निःशुल्क खाना पाइने जानकारी थिएन र ७५ प्रतिशत विद्यालयका सबै विद्यार्थीले पाठ्यपुस्तक प्राप्त गरेनन् ।

प्रत्येक सर्भेक्षणपछि जिसिएनइले त्यसको अन्तिम रिपोर्ट तयार गर्छ (हेर्नुहोस् http://asies.oprg.gt/grancampana/CGAUDITORIASOCIAL 2005.pdf) र सरकारलाई विभिन्न शृङ्खलामा सुझाव दिएको छ, जस्तै सरकारले वितरण गर्ने पाठ्यपुस्तकको सङ्ख्या बढाउने । जिसिएनइले आफ्नो वार्षिक रिपोर्ट उच्चपदस्थ सरकारी अधिकारी, सञ्चार माध्यम, अन्य साझेदार र शिक्षक सङ्गठनलाई पनि पठाउँछ । सन् २००६ मा जिसिएनइको निरन्तरको प्रयासले शिक्षा मन्त्रालयले लेखाजोखाले उठाएका मुद्दालाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

एसिज बारे थप जानकारीका लागि hptt://www.asies.org.gtl हेर्नुहोस् ।

♦♎♦

४

सामाजिक उत्तरदायित्वका लागि नेपाली नागरिक संस्थाबाट भएका केही प्रयास

क. सुन्ने बडापत्रले सजिलो बनायो

संस्था परिचय

प्रो पब्लिक नागरिक हित प्रवर्द्धन र नागरिक सशक्तीकरणका क्षेत्रमा काम गर्नेगरी सन् १९९१ मा स्थापना भएको गैरसरकारी संस्था हो । स्थानीयरूपमा यसले जनचासोका विषयमा सार्वजनिक सुनुवाइका कामहरू पनि गर्दै आएको छ । भ्रष्टाचार नियन्त्रण, सुशासनको स्थापना, मानवअधिकारको रक्षा, वातावरण संरक्षण तथा वकालतका काम यसले गर्दै आएको छ । भ्रष्टाचारको विरोध र सुशासनका क्षेत्रमा असल शासन रेडियो कार्यक्रम यो संस्थाको एक अत्यन्त प्रभावकारी कार्यक्रम हो । यो रेडियो कार्यक्रम मार्फत् नागरिकले जनताका सेवाका लागि जिज्ञासा गुनासा राख्ने तथा उनीहरूका ढिलासुस्ती र अनियमितताका बारेमा पनि सरकारी निकायलाई सतर्क बनाउने गर्दछ ।

घटना अध्ययन

सार्वजनिक निकायहरूमा सेवालाई सहज तुल्याउनका लागि सरकारी कार्यालयले बडापत्र राख्ने प्रचलन पहिलेदेखि नै सुरू गरेका हुन् । तर ती बडापत्रहरूको प्रभावकारिताका बारेमा समय समयमा प्रश्न पनि उठ्ने गरेका छन् । ती बडापत्रहरू लिखितरूपमा सम्बन्धित कार्यालयहरूमा टाँस्ने गरिए पनि सेवाग्राहीले नपढ्ने हुँदा पनि सेवाका बारेमा उनीहरू जानकार नहुने र कर्मचारीलाई पनि सेवा दिनका लागि त्यति सहज नहुने गरेको गुनासो आउने गरेको छ । त्यसैले यिनको प्रभावकारिताका लागि विभिन्न कोणहरूबाट सोच्न थालिएकोमा यस्ता बडापत्रहरू सुन्ने (अडियो) रूपमा पनि विकास गर्ने प्रक्रियाको थालनी भएको पाइएको छ । यो प्रक्रियाको थालनी मालपोत कार्यालय मकवानपुरले गरेको छ । मालपोत कार्यालय जनताले सेवा लिने सबैभन्दा बढी जनचासोको र बढी आवश्यक पर्ने कार्यालय हो । दिनहुँ सयौं नागरिकसँग प्रत्यक्ष सम्पर्क हुने गरेका नेपालका मालपोत कार्यालयमध्ये मकवानपुरको मालपोत कार्यालयले आवाज सहितको श्रव्य बडापत्रको सुरूवात गरेको छ । प्रो पब्लिकको असल शासन कार्यक्रमको सहयोगमा यो अवधारणाको सुरूआत गरिएको हो । यो अवधारणालाई अहिले देशव्यापी बनाउने प्रयास पनि भइरहेको सो संस्थाले जनाएको छ ।

बडापत्रमा सेवाको प्रकृति, किसिम, सेवा दिने अधिकारी, सेवाका लागि लाग्ने दस्तुर र समय लगायतका सेवाग्राहीका लागि आवश्यक पर्ने जानकारी राखिएको हुन्छ । लिखितरूपमा राखिएका यी बडापत्र नपढ्ने वा पढ्न नसक्ने निरक्षर जनताका लागि आवाज सहितको नागरिक बडापत्र निकै प्रभावकारी हुने गर्दछ । यसले अक्षर चिन्नेहरूका लागि लिखित बडापत्र पढ्न पनि सुझाव दिइरहेको हुन्छ । बडापत्रमा नजानेका कुरा सेवाग्राहीलाई सोध्ने, चित्त नबुझेका कुरा सम्बन्धित निकायमा जानकारी गराउनुपर्छ भन्ने सन्देश पनि दिइएको छ । यो सेवा दिने कार्यालय एवम् सेवाप्रति कुनै गुनासो भएमा सो कार्यालयसँगै राखिएको सुझाव पेटिकामा लिखित सुझावहरू खसाउन पनि सो बडापत्रमा अनुरोध गरिएको हुन्छ । सेवा लिनका लागि मालपोत कार्यालय पुगेका सेवाग्राहीहरू पनि ध्यानपूर्वक श्रव्य बडापत्र सुन्छन् र यहीअनुसार प्रमाण पुऱ्याएर सहजै सेवा लिन सक्छन् ।



श्रव्य नागरिक बडापत्रलाई मकवानपुर मालपोत कार्यालयले २०६७ मङ्सिरबाट सुरू गरेको हो । मालपोत अधिकृत डम्बर सुनुवारको सक्रियतामा श्रव्य नागरिक बडापत्र सुरू भएको हो । सेवाग्राहीले सजिलै सुन्न सकुन् भन्ने उद्देश्यले मालपोतको विभिन्न भागमा स्पिकर राखिएको छ । विशेषगरी जग्गा किनबेच, नामसारी, राजीनामा, लिखत पास जस्ता मालपोत कार्यालयबाट प्रदान गरिने सेवाका लागि काम गर्दा के के सावधानी अपनाउनुपर्छ र ती सेवाका लागि के कस्ता सामग्री र कागजात जुटाउनुपर्ने हो भन्ने बारेमा सुन्ने बडापत्रमा सुन्न पाइन्छ । श्रव्य नागरिक बडापत्र कार्यालय समयभर निरन्तर बजिरहन्छ । श्रव्य बडापत्र सुन्न थालेपछि कार्यालयका कर्मचारीले पनि काममा सजिलो अनुभव गरेका छन् ।

मालपोत कार्यालय मकवानपुरबाट सुरू भएको यस कामलाई असल शासन कार्यक्रमले महत्वका साथ लियो । सो कार्यक्रमले यसपछि भूमिसुधार व्यवस्था मन्त्रालय तथा भूमिसुधार व्यवस्थापन विभागका उच्च तहका अधिकारीसँग यस बारेमा छलफल चलायो । विभागले देशका सबै मालपोत कार्यालयमा यो सेवा लागू गर्न सकिने निष्कर्ष निकाल्यो । विभागले देशका सबै मालपोत कार्यालयहरूलाई श्रव्य नागरिक बडापत्र सुरू गर्न निर्देशन दिएको छ । तत्कालै नवलपरासीको कावासोतीस्थित मालपोत कार्यालयले यो सेवा सुरू गऱ्यो । तराईका

जिल्लाहरूमा जग्गाको कारोबार अत्यधिक हुने भएकाले कावासोतीको मालपोतमा यो अवधारणाको सुरूआत गरिएको हो । कतिपय स्थानमा श्रव्यका साथै दृश्य अथवा तस्वीर नै देखिने र बोल्ने खालको श्रव्यदृश्य सहितको नागरिक बडापत्र पनि सुरू भएको छ ।

पछिल्लोपटक रामेछाप मालपोत कार्यालयले पनि श्रव्य नागरिक बडापत्र सुरू गरेको छ । रामेछापकै जिल्ला पशुसेवा कार्यालयले पनि आफ्नो कार्यालयले प्रवाह गर्दै आएको सेवा र सुविधाका बारेमा श्रव्य नागरिक बडापत्र मार्फत जानकारी दिन सुरू गरेको छ । कार्यालय प्रमुख डा. नारायणबहादुर श्रेष्ठको सक्रियतामा यो काम अगाडि बढिरहेको छ । असल शासन रेडियो कार्यक्रममा श्रव्य नागरिक बडापत्रको बारेमा जानकारी पाएर यो सेवा सुरू गरेको डा. श्रेष्ठको भनाइ छ । त्यसो त रामेछापका मालपोत अधिकृत विष्णुप्रसाद बेल्वासे विभागको परिपत्र आउनुभन्दा पहिला असल शासन रेडियो कार्यक्रम र पत्रिकामा पढेर श्रव्य नागरिक बडापत्रको बारेमा जानकारी पाएको बताउनुहुन्छ ।

भूमिसुधार व्यवस्थापन विभागका महानिर्देशक जीतबहादुर थापा पनि असल शासन कार्यक्रमले यसको महत्वलाई उजागर गर्न सकेकोले विभागले यसलाई स्वीकारेको बताउनुहुन्छ । यसै वर्षदेखि मालपोत कार्यालय ललितपुर र डिल्लीबजारमा पनि सुरू हुने र केही समयभित्रै देशभरका सम्पूर्ण मालपोत कार्यालयमा श्रव्य नागरिक बडापत्र लागू गरिसक्ने महानिर्देशक थापाको भनाइ छ ।

सफलता

'मजस्ता अङ्क अक्षर नचिन्ने धेरै गाउँले दाजुभाइलाई यो सुन्ने बडापत्रले धेरै सजिलो बनाइदिएको छ । मालपोत कार्यालय भनेपछि हामीलाई डर लाग्थ्यो कसरी काम लिने, कागजात मिलाइदिन आफ्नो चिनेजानेको मान्छे छैन भन्ने लाग्दथ्यो । तर मजस्ता निरक्षरले पनि मालपोत कार्यालयको परिसरमा राखिएको सो क्यासेटको आवाज सुनेपछि भने धेरै कुरामा सजिलो भएको छ । यसले हामीलाई कुन कामका लागि के कागजात चाहिन्छ र कुन कोठामा जानुपर्छ भन्ने जानकारीका लागि धेरै नै सजिलो बनाएको छ । म अब गाउँभरी गएर सबै गाउँलेलाई जानकारी दिन्छु ।' मकवानपुर जिल्लाको नामटार गाविसका सन्तबहादुर तामाङ र हेटौंडा नगरपालिका वडा नं ८ का सन्तोष पौडेल सुन्ने बडापत्रले सर्वसाधारणलाई निकै मद्दत पुऱ्याएको बताउँछन् । सरकारी सेवा लिने प्रक्रियाहरू असाध्यै झन्झटिला हुने र सर्वसाधारणलाई हतोत्साही बनाउने गरेकाले यस्ता नवीन कार्यले सबैलाई आत्मविश्वास बढाएको छ । उनीहरूले सेवा लिनका लागि २५ मिनेटभन्दा बढी बस्नु नपर्ने पनि अनुभव सुनाए । त्यसैगरी जग्गा किनबेचको सिलसिलामा हेटौंडा आएकी रौतहटकी सरस्वती कोइरालाले पनि बडापत्र सुनेर कागजात मिलाएर लगेपछि चाँडै काम भएको र कर्मचारीले पनि यो वा त्यो कागजको झन्झट

नलगाएको बताइन् ।

सो बडापत्रको निर्माणका लागि सहयोग गरिरहेका प्रो पब्लिकको असल शासन रेडियो कार्यक्रमका निर्माता दिपेश घिमिरेको भने सो सेवाबाट मालपोत कार्यालयमा भ्रष्टाचार घटेको अनुभव छ । उनले भने- यसअघि मालपोत कार्यालयमा जाने सर्वसाधारण सेवाग्रहीलाई कर्मचारीहरूले कागजात नमिलेको बहाना देखाउने वा ५०० रूपैयाँ दिनुस् तुरून्तै काम हुन्छ भन्ने जस्ता बहाना गर्ने गरेको उदाहरण भेटिएका थिए । अब भने सेवाग्राहीसँग कर्मचारीले यसो गर्ने सम्भावना हुँदैन । बडापत्र सुनेर आवश्यकताका आधारमा कागजात तयार पारेर लगेमा बहानाबाजी गर्ने ठाउँ नरहने र समयमै उनीहरूले सेवा पाउने अवस्था रहेको छ ।

मकवानपुर जिल्लामा ६० प्रतिशतभन्दा बढी तामाङ समुदायको बस्ती रहेको छ । नेपाली भाषामा लेखिएको बडापत्र पढ्न नसक्ने अवस्था रहेकोले तामाङ भाषामा सुन्ने बडापत्र बनाइएकोले स्थानीय तामाङ समुदायका लागि सजिलो भएको उनको अनुभव छ । यही कारण ती क्षेत्रका नागरिकमा पनि यो कार्यक्रम निकै लोकप्रिय भएको उनको अनुभव छ ।



यस्तो कार्यक्रमका कारण विशेषगरी सेवाका लागि आफ्नो मान्छे नहुने र सर्वसाधारण नागरिकका लागि ठूलो सहयोग प्राप्त भएको छ । साथै निरक्षरहरूका लागि पनि यो सुन्ने बडापत्रका कारण निकै नै ठूलो फाइदा पुगेको बताइन्छ । सेवा लिनका लागि सम्बन्धित सरकारी कार्यालमा जाने सर्वसाधारणले पहिलो कुरा त सरकारी कार्यप्रक्रिया नै बुझ्दैनन भने अर्को कुरा उनीहरूमध्ये ग्रामीण क्षेत्रका कैयौं नागरिकले बडापत्रमा लेखिएका अक्षर पढ्न पनि सक्दैनन् । त्यसैले उनीहरूका लागि यो फाइदाजनक भएको छ । सेवाग्राहीका रूपमा आउने नागरिकले सो सुन्ने यन्त्रबाट आफूलाई चाहिने सबैकुरा थाहा पाउन सक्दछ । यसबाट नागरिकलाई पनि सेवा लिन सजिलो र अर्कोकुरा कर्मचारीहरूलाई पनि यसले सजिलो बनाएको छ । हरेक सेवाग्राहीलाई कर्मचारी नै खटेर नै सेवाका बारेमा जानकारी दिने काम पनि सम्भव थिएन । यसले गर्दा पढ्न लेख्न नजान्ने सेवाग्राहीले पनि आफुलाई आवश्यक पर्ने कागजातका साथै सबै विषयमा जानकार भएर आउँछ र कर्मचारीलाई पनि सजिलो हुन्छ ।

नेपालका सरकारी कार्यालयहरूमध्ये मालपोत कार्यालयहरू भ्रष्टाचार र अनियमितता बढी हुने कार्यालय रहेको जनगुनासो छ । सर्वसाधारणमा घुस खुवाए तुरून्तै सेवा लिन सकिन्छ भन्ने मानसिकता रहेको हुन्छ । कर्मचारीहरूले यो वा त्यो कागज पुगेन भनेर सेवाग्राहीसँग घुस माग्ने गरिरहेका हुन्छन् । यद्यपि जनताले बडापत्रमा भनिएका कागजात बुझाए किन ढिलाइ गरियो भनेर प्रश्न उठाउन सक्छन् । नागरिक सेवाका लागि सचेत हुने अवसर बडापत्रबाट प्राप्त हुन्छ भने यसले कर्मचारीलाई पनि सजिलो बनाउँछ । यही सफलताका कारण देशका अरू जिल्लामा पनि यस्तो खालको सेवा विस्तार गरिएको हो ।

प्रभाव

प्रो पब्लिकको असल शासन कार्यक्रमका उपनिर्देशक प्रणव भट्टराईले सो कार्यक्रमका माध्यमबाट नागरिकलाई सजिलो भएको अनुभव सुनाउनुहुन्छ । उहाँका अनुसार बडापत्र पढ्न नसक्ने तथा निरक्षर नागरिकका लागि यसले धेरै सजिलो बनाएको छ । प्रो पब्लिकको असल शासन कार्यक्रमको सहयोग र सहकार्यमा सुरू गरिएको सो सुन्ने बडापत्रलाई अहिले देशका विभिन्न क्षेत्रमा विकास गरिएको छ । यो सेवा विस्तार गरिएका जिल्लाका सेवाग्राहीले यसको प्रभाव राम्रो परेको र आफूहरूलाई सजिलो भएको प्रतिक्रिया दिएको पनि भट्टराईले जानकारी दिनुभयो । सरकारी कार्यालयहरूले राख्ने बडापत्र सानो अक्षरमा, नबुझिने र एउटै पातोमा राख्ने गर्दा पढ्न कठिन हुनेहुँदा पनि यो सुन्ने सेवाले धेरैलाई सजिलो बनाएको सेवाग्राहीको अनुभव छ ।

जनतालाई सहज र छिटोछरितो सेवा दिनु सरकारको समाजप्रतिको दायित्व हो । यो मान्यता बमोजिम यस कार्यक्रममा नागरिक सहभागिता पनि रहेको छ । यसले सरकारको सार्वजनिक सेवा प्रवाहलाई पनि प्रभावकारी बनाएको छ । नागरिकले पनि आफूले सेवा लिने तरिका सजिलो र झन्झटिलो नहोस् भन्ने चाहन्छन् ।

५

कार्यसम्पादन मूल्याङ्कन अनुगमनका उपाय

- संसारका धेरै मुलुकमा विभिन्न किसिमका नागरिक संस्थाहरूले बजेटलाई जनताप्रति उत्तरदायी बनाउने काम प्रभावकारी रूपमा गरिरहेका छन् जुन यहाँ पनि गर्न सम्भव छ ।
- बजेटको नयाँ अनुगमन विधि तय गर्नेदेखि संसद् तथा अन्य निकायसँग समेत सहकार्य गरी बजेट कार्यान्वयनको अनुगमन गर्ने र गल्ती औंल्याउने ठूलो अवसर नागरिक समाजका संस्थाहरूसँग छ । यो अवसरको प्रयोग गर्नैपर्छ ।
- यहाँ प्रस्तुत गरिएका सबै समूहहरूले विगतमा कुनै न कुनै रूपमा तिनका देशको बजेट कार्यान्वयनमा सकारात्मक प्रभाव पारेका छन् । त्यो सफलताको उदाहरणले धेरैलाई त्यस्तै कामका लागि उत्प्रेरित गराउन सक्छ ।
- सरकारी बजेटको अनुगमन गर्न सकिने सम्भावना निकै छ । यहाँ प्रस्तुत गरिएका विधिबाहेक बजेट अनुगमनका लागि देशको परिस्थितिका आधारमा अन्य धेरै उपायहरू अवलम्बन गर्न सकिन्छ । खासकुरा भनेको नागरिक संस्थाले उपलब्ध अवसरका आधारमा रचनात्मक विधिहरू तय गर्नु सबैभन्दा उत्तम हुन्छ ।

कार्यसम्पादन अनुगमनका उपाय

कार्यसम्पादन मूल्याङ्कन र लेखापरीक्षण कार्य सहभागितामूलक र पारदर्शी हुनुपर्छ । यस्तो प्रक्रियामा बजेट कार्यान्वयन गर्ने निकाय र लेखापरीक्षक निकायका प्रतिनिधि मात्र रहेर यो काम गर्दा वास्तविकता नप्रस्ट्याउन पनि सक्छ । त्यसैले, यो प्रक्रियामा नागरिक अनुगमन र सहभागिताको अनिवार्यता हुनुपर्दछ । यसका लागि सूचना र ती सूचना विश्लेषण गर्ने क्षमता भएमा सही वकालत गर्न सकिन्छ ।

जुनसुकै खालको वकालत गर्नका लागि पनि सबैभन्दा पहिले त्यस्तो वकालत कसरी सुरू गर्ने भन्ने तय गरिनुपर्छ । एउटा भनाइ पनि छ, एक थुप्रो दाउरा चिर्नका लागि एक घण्टा छ भने आधा घण्टा बन्चरो उज्याउनमा खर्चनुपर्छ ।

त्यस्तै, बजेट खर्चको अनुगमनको काम सुरू गर्नु अगाडि त्यसको तयारीका लागि निकै समय खर्चनुपर्ने हुन्छ जसबाट त्यस्तो विधि तय होस् कि त्यसका लागि उपलब्ध स्रोत र साधनबाट महत्वपूर्ण उपलब्धि हासिल गर्न सकियोस् ।

काम सुरू गर्ने केही तरिकाहरू यहाँ प्रस्तुत गरिन्छः

१. रणनीतिक उद्देश्य तय गर्नेः

बजेटसम्बन्धी वकालत गर्नका लागि प्रष्ट रणनीतिक उद्देश्य हुनु पर्दछ । उद्देश्य समाज र समूह दुवैका लागि अर्थपूर्ण हुनुपर्छ । आफ्नो संस्थाको अनुभव र क्षमतामा आधारित हुनुपर्छ । र, त्यसले समूहको वकालतको प्रयत्नलाई बढावा दिन सक्नुपर्छ । समूहको बजेट पैरवी योजनालाई बढावा दिने वा उपयुक्त लक्ष निर्धारण गर्ने प्रक्रियाका लागि प्रयोग गरिने एउटा उपाय SMART (उद्देश्य प्रष्ट, मापनयोग्य, प्राप्त हुनसक्ने, पत्यारिलो र समयबद्ध हुनुपर्छ भन्ने सिद्धान्त) हो ।

२. बजेट प्रक्रियाबारे स्पष्ट जानकारी हासिल गर्नेः

बजेट अनुगमन गर्ने संस्थाले सबैभन्दा पहिले बजेट निर्माण र कार्यान्वयनका हरेक प्रक्रियाबारे प्रष्ट जानकारी प्राप्त गर्नु जरूरी छ । यसका लागि बजेट संबद्ध सरकारी अधिकारीहरू, बजेटको बुझाईका दृष्टिकोणले महत्वपूर्ण मानिने संसदका सदस्यहरू, यस विषयमा रिपोर्टिङ गर्ने पत्रकारहरू, दातासंस्थाका अधिकारीहरू र बजेटको सबै अन्तरवस्तुको ज्ञान भएका अर्थशास्त्री एवं नागरिक संघसंस्थाका प्रतिनिधिसँगको अन्तर्वार्ता वा छलफल निकै उपयोगी हुन्छ । त्यस अतिरिक्त अध्ययनमा संलग्न हुने समूहले बजेटसम्बन्धी सरकारका विभिन्न प्रकाशनहरू, बहुपक्षीय संस्थाहरू जस्तै, विश्व बैंक, अन्तराष्ट्रिय मुद्राकोष लगायतले समय समयमा निकाल्ने प्रकाशनहरू पनि बजेटसम्बन्धी विषयमा ज्ञान हासिल गर्नका लागि उपयोगी हुन्छन् । यसैगरी देशको बजेटसम्बद्ध कानुनको पनि राम्ररी अध्ययन गर्नुपर्छ ।

३. बजेट प्रक्रियाको सहयोगी पुस्तक (गाईड) तयार गर्नेः

बजेटसम्बन्धी पैरवीकर्ता समूहहरूले नागरिकलाई बजेट प्रक्रियाबारे सचेतना जगाउने खालका सहयोगी पुस्तक (पुस्तिका) पनि तयार गर्ने गरेका छन् । यस्तो सहयोगी पुस्तक प्रकाशन गर्दा संस्था स्वयंको ज्ञान र अनुभव विस्तारमा पनि टेवा पुग्दछ । यसले बजेट अनुगमनका लागि पार गर्नु पर्ने माथि उल्लेखित तहहरूको परिपूरकका रूपमा समेत काम गर्दछ । यस्ता सहयोगी पुस्तिकाहरू सरकारको बजेट कार्यान्वयन, त्यसलगत्तै हुने लेखापरीक्षण र सुपरीवेक्षण लगायतका विषयमा केन्द्रित हुने गरेको भए पनि बजेट चक्रमा नै सीमित भएर सहयोगी पुस्तक तयार गर्नुपर्छ भन्ने छैन । यसमा बजेट निर्माण र स्वीकृतिसँग सम्बन्धित विषय समेतलाई

समेटेर बढी जानकारीमूलक बनाउनु श्रेयष्कर हुन्छ ।

४. बजेट अनुगमनको सीप हासिल गर्ने:

इन्टरनेसनल बजेट पार्टनरसीप जस्ता संस्थाहरूले प्रभावकारी रूपमा बजेट अनुगमन कार्यमा सहभागी हुन चाहने समूहहरूका लागि बजेटसम्बन्धी तालिम सञ्चालन गर्ने गर्छन् । अनुगमन समूहहरूलाई प्राविधिक र रणनीतिक सीप हासिल गर्न सक्षम बनाउने प्रयोजनका लागि त्यस्ता तालिमहरू ज्यादै उपयोगी हुन्छन् । बजेटसम्बन्धी विषयमा उत्सुक समूहले आफूले गर्न खोजेको अनुगमनका लागि सीप हासिल गर्न प्रभावकारी रूपमा बजेट अनुगमन गरेको अनुभव भएका वा अनुगमनमा संलग्न अन्य समूहसँगको भेटघाट र छलफल पनि उपयोगी हुन्छ । अन्तमा, बजेट अनुगमन परियोजना सञ्चालन गर्न चाहेका संस्थाले सुरूवाती अवस्थाहरूमा प्राविधिक सहयोगका लागि विज्ञको प्रयोग गर्नु राम्रो हुन्छ । पूर्व सरकारी अधिकारी वा सार्वजनिक वित्तको जानकारी भएका व्यक्तिहरूको यो प्रयोजनका लागि उपयोगी हुन सक्छन् । नेपालमा आइबिपीका तर्फबाट सरकारी बजेटको अनुगमन गरिरहेको संस्थाको हैसियतले फ्रिडम फोरमले यो संस्थाको अनुभव पनि बजेट अनुगमनको सीप प्राप्त गर्नका लागि उपयोगी हुनसक्छ ।

५. बजेट सूचना प्राप्ति:

धेरैजसो सरकारी अधिकारीहरू सरकारी निकायहरूका संस्थाका कामकारवाहीको गोप्यता कायम गर्नेतर्फ उद्यत हुन्छन् । नागरिक समाजले बजेट सूचनाको माग बढाएपछि गोप्यतामा रमाउने यस्ता संयन्त्रको केन्द्र भागमा नै आक्रमण हुने हुनाले सूचना लुकाउनका लागि भ्रष्ट कर्मचारीबीच लामो समयदेखि निकै मिलेमतो भएको हुनसक्छ ।

आइबीपीले २००६ मा बजेट पारदर्शिता सम्बन्धमा ५९ मुलुकमा गरेको अध्ययनले बजेट निर्माण र अनुमोदनभन्दा बजेट कार्यान्वयनसँग सम्बन्धित सूचना सीमितरूपमा मात्र उपलब्ध हुने गरेको देखाएको छ । नेपालमा पनि बजेट कार्यान्वयन, लेखापरीक्षण र मूल्याङ्कनजस्ता सूचना प्राप्त गर्नका लागि सहज अवस्था छैन ।

बजेट सम्बन्धमा काम गर्ने संस्थाहरूले केन्द्रीय र स्थानीय तहमा बजेट प्रक्रियाको पारदर्शिता वृद्धिका लागि पहिला वकालत गर्नुपर्ने देखिएको छ । बजेट पारदर्शिताका लागि वकालतका अतिरिक्त संस्थाले बजेट सूचना प्राप्तिका लागि विभिन्न रणनीतिहरूको प्रयोग गर्नुपर्ने हुन्छ । त्यस्ता रणनीतिहरूमध्ये;

(क) सहयोगी अधिकारीहरु चिन्ने: सरकार एउटै ठूलो ढुंगो जस्तो हुँदैन । सरकारका सबै अधिकारी सूचना लुकाउने र असहयोगी हुँदैनन्, नागरिकमैत्री र उदार

पनि हुन्छन् । पछिल्लो प्रवृत्तिका कर्मचारीहरू सार्वजनिक कार्यक्रमको सूचना प्राप्त गर्ने प्रयत्नमा महत्वपूर्ण रणनीतिक साझेदार बन्न सक्छन् । अर्कोतर्फ खासै सहयोगीजस्तो नदेखिएका तर असहयोगी भने नरहेका अधिकारीलाई पनि समूहले विशेष प्रयत्न मार्फत पारदर्शीताको आवश्यकताको महसुस गराउन र सहयोगी तुल्याउन सक्छ । उनीहरूको प्रतिष्ठा बढाउनका लागि सकारात्मक काम गरेको देखाउने र त्यसको जस पाउने अवसर सिर्जना गरिदिनुपर्छ ता कि उनीहरूमा त्यसका लागि प्रेरणा मिलोस् । अनुदार अधिकारीबाट सूचना लिनका लागि निर्देशन वा दबाब दिन माथिल्लो तहमा गुनासो वा उजुरी पनि गर्नुपर्छ ।

(ख) सूचनाको हकसम्बन्धी कानुनको प्रयोग: सूचनाको हकसम्बन्धी कानुनले नागरिकलाई सूचनाको हकको प्रत्याभूति प्रदान गर्दछ । सामाजिक परीक्षणको प्रयोजनको लागि यो कानुन ठूलो सहयोगी बन्न सक्तछ । तर, अनुगमन समूहहरूले सूचनाको हकसम्बन्धी कानुन भएर पनि आवश्यक सूचना प्राप्त गर्न सकिरहेका हुँदैनन् । सूचना प्राप्तिको निवेदन दिइसकेपछि पनि फाइलहरू हराएको वा त्यस्तो सूचना दिंदा राष्ट्रिय हितमा आँच आउनेजस्ता तर्क दिएर सूचना नदिने प्रचलन पनि छ । नेपालमा सूचनाको हकसम्बन्धी कानुनको प्रायोग गर्न फ्रिडम फोरमले नागरिक संस्थाहरूलाई सघाउँदै आएको छ । तसर्थ, आवश्यक सहयोगका लागि फ्रिडम फोरममा सम्पर्क गरौं ।



(ग) निकायगत सार्वजनिकीकरण नीतिहरुको प्रयोग: जान्न पाउने अधिकार प्रत्याभूत गर्न कतिपय निकायहरूले सूचना सार्वजनिक गर्ने आफ्नै नीतिहरू पनि बनाएका हुन सक्छन् । त्यस्ता नीतिको आधारमा पनि सूचना प्राप्त गर्न सकिन्छ ।

(घ) लेखापरीक्षकहरु, विधायकहरु र दाताहरुसँगको सहकार्य: सार्वजनिक लेखापरीक्षण निकायहरू सूचनाका भरपर्दो स्रोत हुन सक्छन् । सामान्यतया: सांसदहरूलाई सार्वजनिक परियोजनाबारे सर्वसाधारणलाई भन्दा अधिक जानकारी हुन्छ । नागरिक समाजका समूहले आफूहरूको विषयमा सहानुभूति राख्ने

सांसदहरूबाट आवश्यक धेरै सूचना प्राप्त गर्न सक्तछ । संसद्को सार्वजनिक लेखा समितिमा यस्ता सूचनाहरू हुन्छन् । वैदेशिक सहयोगमा बढी नै निर्भर देशहरूमा सरकारी परियोजना त्यसमा पनि वैदेशिक सहयोग रहेको परियोजनाको सूचनामा दातृ निकायहरूको पहुँच हुन्छ । दाताहरूले आफूले गरेको सहयोगको सही सदुपयोगको सुनिश्चितता चाहन्छन् भने सामाजिक परीक्षण प्रक्रियाका सन्दर्भमा उनीहरू पनि सहयोगी हन्छन् । तसर्थ, उनीहरूबाट पनि सूचना लिन सकिन्छ ।

(ङ) **प्रत्यक्ष दबाब तथा अभियान**: महात्मा गान्धीले भनेका छन् 'तपाईंको दबाबलाई सरकारले पहिले बेवास्ता गर्छ, त्यसपछि हासोको विषय बनाइदिन्छ, अनि युद्ध छेड्छ तर अन्तमा विजयी भने तपाईं नै बन्नुहुन्छ ।' पटकपटकको प्रयासबाट पनि आवश्यक सूचना प्राप्त गर्न असफल संस्थाहरूमा यदि प्रत्यक्ष अहिंसात्मक दबाब अभियानप्रति विश्वास छ भने उनीहरूले सूचना नदिने त्यस्ता सरकारी निकायका विरूद्ध अनसन लगायतका दबाबको उपाय अपनाउन सक्छन् । नागरिक संस्थाहरूले आमजनताको हितमा उनीहरूलाई परिचालन गरी शान्तिपूर्ण ढङ्गले दबाब सिर्जना गर्न सक्छन् ।

त्यसैगरी महालेखा परीक्षकको वार्षिक प्रतिवेदन तथा अन्य प्रतिवेदनहरू पनि ज्यादै उपयोगी स्रोत हुन् । यस्तो प्रतिवेदन प्राप्त गर्ने हक नागरिकमा हुन्छ । महालेखा नियन्त्रकको कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालय पनि बजेटसम्बन्धी सूचना प्राप्त गर्नका लागि अर्को महत्वपूर्ण निकाय हो ।

(च) **थालनी गरौं**: समय लिएर, राम्ररी सोचेर तथा रणनीतिक योजना तर्जुमा गर्नुपर्ने भए पनि बजेट समूहले काम त गर्नु नै पर्छ । केही समूहहरूले आफ्नो सूरूआती रणनीति र केही पूर्व सूचनाका आधारमा बजेटसम्बन्धी काम सुरू गरी कामकै सिलसिलामा यी दुवैलाई निकै गहिरो ढङ्गले विकास गर्ने गरेका छन् । हरेक तहको कामबाट समूहले सार्वजनिक बजेटलाई बढी जवाफदेही बनाउने सम्बन्धमा थप अनुभव, आत्मविश्वास र क्षमता बढ्छन् ।

राम्रोसँग सोचविचार गरी बजेट पारदर्शिताका लागि रणनीति बनाऊँ । केन्द्रीय तहदेखि स्थानीय निकायसम्म बजेट र कार्यक्रमको सामाजिक परीक्षणका काम अगाडि बढाऊँ । बजेट तथा नीति एवं कार्यक्रमसम्बन्धी पर्याप्त सूचना सङ्कलन गरी सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्नका लागि आत्मविश्वासपूर्वक आ-आफ्नो सीप र क्षमताको प्रयोग गर्न अग्रसर होऔं । सानो थालनीले समाज परिवर्तन सम्भव छ ।

शब्दार्थ

- **विशिष्ट मापन (Benchmarking)**

  कार्यसम्पादन बढाउनका लागि एउटा संस्थालाई र अर्को संस्थासँग तुलना गर्ने पद्धतिहरू । लागतलाई प्रतिफलमा परिणत गर्नका लागि गरिने काम र कार्यपद्धतिलाई प्रक्रिया मापन र कार्यसम्पादन सूचकका आधारमा संस्थाको वास्तविक कार्यसम्पादनको अवस्थाको तुलना गर्नुलाई कार्यसम्पादन मापन भनिन्छ ।

- **पूर्व नियन्त्रण/पूर्व परीक्षण (Ex ante Control /A priori Audit)**

  खास खर्चको लागि पूर्व स्वीकृति । कारोबारहरु अधिकारप्राप्त अधिकारीको स्वीकृतिमा, नियमित र कानुनसम्मत र बजेटको परिधिभित्रबाट भएको हो वा होइन सो निश्चित गर्नका लागि भुक्तानी आदेश र सहयोगी दस्तावेजहरू प्राप्ति र परीक्षण गरिन्छ । त्यस्तो परीक्षण अर्थ मन्त्रालयको स्वीकृतिमा वा सम्बन्धित मन्त्रालयले गर्न सक्छन् ।

- **कार्यसम्पादन मापन (Performance Measurement)**

  सम्बद्ध लागत, प्रशोधन (कार्यप्रक्रिया), परिणाम र उपलब्धिको परीक्षण गरी त्यसैका आधारमा गरिने संस्थाका कार्यक्रम वा क्रियाकलापहरुको क्षमता र प्रभावकारिता मूल्याङ्कन ।

- **मध्यावधि मूल्याङ्कन (Mid-Term Review)**

  अर्थ मन्त्रालयले गर्ने वार्षिक बजेटले परिलक्षित गरेका योजनाको कार्यान्वयनको पहिलो छ महिनाको प्रगति समीक्षा ।

- **चालु खर्च (Recurrent Expenditure)**

  सरकार, मन्त्रालय र अन्य खर्चका इकाईहरूको दैनिक प्रशासनिक खर्च वा एक आर्थिक वर्षभन्दा बढी समयसम्म असर बाँकी नरहने खर्च, जस्तै शान्ति-सुरक्षा, तलब-भत्ता, पानी-बिजुली इत्यादिमा गरिने खर्च । यस्तो खर्चको उपलब्धि खर्च गरिएको समयसम्म मात्र रहन्छ र सालबसाली रूपमा गरिराख्नुपर्ने हुन्छ । यो प्राथमिक खर्च हो किनभने चालु खर्च नगरेमा सरकारको दैनिक प्रशासन नै ठप्प हुन्छ ।

- **अनुदान (Aid)**

भविष्यमा साँवा वा ब्याज फिर्ता गर्न नपर्नेगरी प्राप्त हुने सहयोग । यस्तो सहयोग सरकारको एउटा निकायले अर्को निकायलाई, जस्तै केन्द्र सरकारले स्थानीय निकायलाई पनि दिन सक्तछ जसलाई आन्तरिक अनुदान भनिन्छ भने विदेशी मुलुक तथा तातृ संस्थाले केन्द्र सरकारलाई पनि दिन्छन् भने त्यसलाई वैदेशिक अनुदान (Foreign Aid) भनिन्छ ।

- **गैह्र बजेटरी कोष (Extra Budgetary Fund)**

बजेटमा उल्लेख नगरिएको र विनियोजन ऐन अनुसार नभई बेग्लै ऐन वा नियमअनुसार खर्च गर्नेगरी सरकारले खडा गर्ने विशेष कोषहरू । जस्तै, गरिबी निवारण कोष, प्रधानमन्त्री राहत कोष, युवा स्वरोजगार कोष आदि ।

- **अनुदान (Aid)**

भविष्यमा सावाँ वा ब्याज फिर्ता गर्न नपर्ने गरी प्राप्त हुने सहयोग । यस्तो सहयोग सरकारको एउटा निकायले अर्को निकायलाई, जस्तै केन्द्र सरकारले स्थानीय निकायलाई पनि दिन सक्तछ जसलाई आन्तरिक अनुदान भनिन्छ । विदेशी मुलुक तथा दातृ संस्थाले केन्द्र सरकारलाई पनि सहयोग दिन्छन् भने त्यसलाई वैदेशिक अनुदान भनिन्छ ।

- **प्रतिफलमा आधारित व्यवस्थापन (Result Based Management)**

सरकारले सञ्चालन गर्ने विकासका कार्यक्रमहरूबाट निर्धारित प्रतिफलको सुनिश्चितताका लागि सोहीअनुसार त्यस्ता कार्यक्रमको कार्यान्वयन गर्न लागू गर्ने आधुनिक र वैज्ञानिक व्यवस्थापन पद्धति । यस्तो व्यवस्थापन परम्परागत प्रक्रिया केन्द्रित नभई प्रतिफल केन्द्रित हुन्छ । अर्थात् कसरी काम गर्नेभन्दा पनि कस्तो प्रतिफल हासिल गर्ने भन्नेमा केन्द्रित गरिने व्यवस्थापन ।

- **पूँजीगत खर्च (Capital Expenditure)**

दीर्घकालीन हितको उद्देश्य राखी गरिने खर्च जस्तै, सडक यातायात लगायतका पूर्वाधार निर्माण । पूँजीगत खर्चको असर एक आर्थिक वर्षभन्दा बढी र कहिलेकाहिँ दशकौंसम्म पनि रहन्छ (जस्तै जलविद्युत् आयोजनामा गरिने खर्च) ।

फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो । लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो ।

मानव स्वतन्त्रताको उच्चतम् मूल्यप्रति प्रतिबद्ध पत्रकार, कानुन व्यवसायी, मानव अधिकारकर्मी, प्राध्यापक-शिक्षक, समाजशास्त्री, अर्थशास्त्री, राजनीतिशास्त्री तथा विकास कार्यकर्ताहरूको साझा मञ्चका रूपमा यो फोरम स्थापना गरिएको हो ।

समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो । मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरू यसका सदस्य हुन सक्छन् । नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनहरूसँग सहकार्य गरेर अगाडि बढ्ने हाम्रो नीति रहेको छ ।

सम्पूर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो । स्वतन्त्रताभन्दा मूल्यवान अरु केही छैन भन्ने फ्रिडम फोरम ठान्दछ ।



फ्रिडम फोरम

पो.ब.नं. २४२९२, फोन नं. ४१०२०३०, ४१०२०२२,
थापाथली, काठमाडौँ, नेपाल
Website : www.freedomforum.org.np
E-mail: freedomforum@enet.com.np,
info@freedomforum.org.np